# अध्याय एक

## (Chapter One)

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभुमि (Background of the Study)

नेपाल प्राकृतिक स्रोत र साधनले भरिपुर्ण देशहरुको सुचीमा परेता पनि त्यसको समुचित उपयोग हुन नसक्दा आर्थीक रुपमा नेपाल गरिबी देशको रुपमा परिचित छ । कृषि प्रणालीमा दक्ष जनशक्तिको अभाव तथा कम उद्योगधन्दा तथा कलकारखानाको विकास र अन्य वैकल्पिक रोजगारका साधनहरुको विकास हुन नसक्दा गरिबी तथा वेरोजगारीले जरो गाडेको छ । त्यसकारण मुलुकमा युवा जनशक्तिहरुले रोजगारीको अवसर पाउन नसकेकाले आफ्नो आवश्यकता परिपुर्ति गर्नका लागी विदेशी भुमिमा काम गर्न बाध्य हुनु परेको छ । तसर्थ गरिबी तथा वेरोजगारी समस्या समाधान गर्नको लागी वैदेशीक रोजगार एक उत्कृष्ट गन्तव्य तथा आयस्रोत भएको हुँदा यो एउटा विकल्पको रुपमा देखिएको छ (शर्मा र सुतिहार २०६३) ।

कुनै पनि एक देशबाट अर्को देशमा गई काम गर्नुलाई वैदेशीक रोजगार भनिन्छ । कमजोर आर्थिक अर्थतन्त्र र अस्थिर राजनैतिक संरचनाको कारण करिब ३ करोड जनतालाई व्यवस्थापन गर्न नसकेको अवस्थामा बैदेशीक रोजगार युवाहरुको लागी आकर्षित गन्तव्य बन्न पुगेको छ । विकाशोन्मुख देशहरुको कमजोर अर्थतन्त्रको लागी यसबाट उम्कने माध्यमहरुमध्ये एउटा राम्रो माध्यमको रुपमा बैदेशीक रोजगार देखिन पाएको छ (घिमिरे, २०६९) ।

नेपालीहरुको प्रमुख पेशा कृषि र कृषिमा वर्षभरि काम गरे पनि खान नपुग्ने अवस्थाले गर्दा १७/१८ वर्ष देखि ४०/४५ वर्षसम्मका उत्पादनशील युवाहरु वेरोजगारीको कारण खाली हात बस्न परेको छ । ती युवाहरुको एक मात्र विकल्प बैदेशीक रोजगार भएकाले वर्तमान समयमा नेपाली युवाहरु जाने आउने गरेको पाइन्छ (शर्मा, २०६२) ।

देशमा उत्पादन भएका जनशक्ति पुर्ण रुपमा नै देश भित्र परिचालन गर्न र हालको अवस्थामा एक जनशक्तिलाई रोजगारी दिन वैकल्पिक उपाय पनि नभएकाले गर्दा नेपालमा बैदेशीक रोजगारीको एक लोकप्रिय माध्यम पाएको छ। त्यस्तै स्वदेशमा बसेर कृषिमा निर्भर रहँदा आधारभुत आवश्यकतासम्म परिपुर्ति गर्नका लागी भौंतारिनुपर्ने अवस्था रहेको छ। मजदुरीका क्षेत्रमा पनि कम व्याजदर रहेको कारणले बैदेशीक रोजगार तर्फ आकर्षक बढाउने कारणहरु हुन । यसको विभिन्न संस्था तथा दलाल मार्फत रोजगारको लागी विदेशीने क्रम दिनानुदिन बढ्दो छ। देशको अर्थतन्त्रलाई क्रियाशील बनाउनुमा आय तथा रोजगारीको भुमिका रहन्छ। यस सन्दर्भमा नेपालको अर्थतन्त्रमा हाल बैदेशीक रोजगारीको योगदान सबैभन्दा बढि रहेको छ। देश भित्र पर्याप्त रोजगारीका अवसर उपलब्ध नभइरहेको वर्तमान अवस्थामा बैदेशीक रोजगारी नै नेपाली युवा जनशक्तिको लागी देश छाड्ने व्यक्तिहरुको संख्या प्रति वर्ष बढिरहेको छ। यसरी बैदेशीक रोजगारीमा जानेहरुको संख्या २,५०,१७५ जना पुगेको छ । गत आर्थीक वर्षम विदेशमा काम गर्न जाने व्यक्तिहरुबाट विप्रेशणको रुपमा रु ३३०.९ अर्ब भित्रिएको छ। उक्त रकम कुल गाहर्स्थ उत्पादनको २१३ प्रतिशत हुने तथ्य बार्षिक सर्वेक्षण २०७४ मा उल्लेख भएको छ (वेदेशिक रोजगार विभाग २०७४) ।

हालसम्म बैदेशीक रोजगारमा जाने अधिकांश नेपाली नागरिकहरु बैदेशीक रोजगार वा संस्था मार्फत गएको पाइन्छ। आर्थीक वर्ष २०७०/०७४ को प्रथम आठ महिनासम्मको बैदेशीक रोजगारमा प्रमुख गन्तव्य स्थानमा बैदेशीक रोजगारमा गएका व्यक्तिहरुको विवरण यस शोध पत्रमा उल्लेख गरिएको छ।

## १.२ समस्याको कथन (Statement of the Problems)

नेपालमा रोजगारीको अवसर प्राप्त गर्न नसकेर वैदेशीक रोजगारीका लागी दिनहुँ हजारौंको संख्यामा नेपाली शिक्षीत तथा अशिक्षीत युवाहरु विदेश जाने क्रम बढि रहेको छ। जसले गर्दा व्यावसायमुलक शिक्षाको विकास हुन सकेको छैन। शिक्षीत युवाले काम पाउन सकेनन् र काम नपाएपछि बाँच्न र परिवारलाई बचाउने अवस्था देखेनन् जब उनीहरुलाई वैदेशीक रोजगारीको विज्ञापनले आकर्षित गर्न थाल्यो अनि शिक्षीत युवाहरु विदेश पलायन हुन थाले । नेपालको सामाजिक संरचना नै यस्तो छ कि मौलिकतालाई विकसित गर्नु होइन कि नक्कलको अनुसरण गर्ने प्रवृत्ति भएको अवस्थामा सामान्य लेखपढ

देखि पढेलेखेका युवाहरु समेत विदेश पलायन हुन थाले । न्युन आय नै किन नहोस् यसरी शिक्षीत तथा अशिक्षीत सम्पुर्ण युवाहरुले आकर्षक रोजगारीको केन्द्र विदेश बन्न थाल्यो । नेपालको ग्रामिण भौगोलिक बनोट तथा अव्यवस्थित कृषि संरचनाको कारण पनि ग्रामीण युवाहरु वैदेशीक रोजगारीको लागी विदेश जाने क्रम वढि रहेको छ । नेपाका ग्रामीण इलाकामा रोजगारीमा लागेका शिक्षक तथा अन्य कर्मचारीहरु, बुढाबुढि, बालबालिका बाहेकका युवाहरु गाउँमा देखिँदैनन् । उनीहरु धेरैजसो वैदेशीक रोजगारीमा गएको अवस्था छ (राई, २०६७) ।

वैदेशीक रोजगार स्वदेशमा वेरोजगारी तथा अवसरको विकल्पको रुपमा वर्तमान समयमा स्थापित छ । सामान्य लेखेपढेका/पढेलेखेका तथा उच्च शिक्षा गरेका दक्ष जनशक्तिको समेत आाम्दानीको प्रमुख व्यक्तिको आर्थीक स्थिति तथा तिनीहरुको बालबालिकामा के कस्तो परिवर्तन देखा परेको छ? उनीहरुको आर्थीक अवस्थामा सुधार आएको छ वा कुनै परिवर्तन आएको छैन । (रेग्मि, २०६५) ।

युवा जनशक्ति भनेको देश निर्माणको आधार हो । नेपालबाट प्रति दिन वैदेशिक रोजगारमा जानेको तथ्याङ्क बढ्दो पाइन्छ  तर त्यहाँबाट कति फर्किए वा फर्किएनन् भन्ने तथ्याङ्क पाइदैन । खाडि राष्ट्रभन्दा बाहिर विकसित देशमा गएका युवाहरु स्वदेश फर्किन चाहदैनन् । उनीहरु कुनै माध्यमबाट पनि उतै बस्न रुचाउँछन् । जुन व्यक्तिमा प्रतिभा छ त्यो व्यक्तिलाई विदेशमा पनि आफ्नो देशमा राख्न रुचाउँछन् । फलस्वरुप क्रमशः देशको प्रतिभा बाहिरिने गरिरहेको छ । नेपालका उच्च शिक्षा हासील गरेका प्राविधिक तथा व्यावसायिक शिक्षा हासील गरेका युवाहरु पनि विदेश पलायन हुने तथा सामान्य किसिमका शिक्षा हासील गरेका अशिक्षित युवाहरु पनि विभिन्न देशमा श्रमीकको रुपमा वैदेशीक रोजगारीका निम्ति विदश जाने क्रम बृद्धि भइरहको छ । गरिब तथा पिछडिएका समुहका युवाहरु प्रायः जसो खाडि राष्ट्रमा जाने क्रम बढि रहेको छ । नेपालका ग्रामीण इलाकामा रोजगारीमा लागेका शिक्षक तथा अन्य कर्मचारी बुढाबुढि, बालबालिका बाहेकका युवाहरु गाउँमा देखिदैनन् । उनीहरु धेरैजसो वैदेशीक रोजगारीमा गएको अवस्था छ (राई, २०६७) ।

विश्वव्यापीकरणको माहोलसँगै सुचना र प्रविधिले फड्कोमारीरहेको यो अवस्थामा आज प्रत्येक नेपालीलाई पनि आफ्ना बालबालिकाको भविष्यप्रति चासोको विषय बनेको छ । सुचना र प्रविधिसँग प्रतिस्पर्धा गर्न तथा गुणस्तरीय शिक्षा आफ्ना बालबालिकाहरुलाई

प्रदान गर्ने दायित्व निभाउन नसकिरहेको अवस्थामा वैदेशिक रोजगार अहिले सहज बन्दै गइरहेको छ । यद्यपि वैदेशीक रोजगारीको आम्दानीले उनीहरुको बालबालिकाहरुको शैक्षिक स्थितिमा सुधार देखा परेको छ? अथवा छैन? यस विषयमा यथार्थ जानकारी हासिल गर्न यस शोधमा प्रयोग गरिएको छ (रेग्मि, २०६५) ।

बैदेशीक रोजगार प्राविधिकहरसँग नजिकिनें, अवसरहरुको पहिचान गर्ने थलो पनि हो विभिन्न सीपमा दक्षता हासिल गर्न व्यावसायिक तथा प्रशासनिक कार्यशैलीको बारेमा नजिकबाट बुझ्ने अवसर पनि हो । विकसीत देशको अर्थतन्त्र, काम प्रतिको लगाव, व्यवस्थापन प्रशासन तथा हरेक कुरा विकासोन्मुख देशमा भन्दा श्रुस्त-दुरुस्त हुने गर्दछ । त्यसैले वैदेशीक रोजगार प्रश्चात स्वदेशमा फर्केपछि पनि सोहि अनुरुपको आर्थीक क्रियाकलापहरु गर्दै सीपहरुको प्रयोग आफ्नो आर्थीक बृद्धि गर्न पनि सक्ने अवसर वैदेशीक रोजगारीमा रहेको छ । त्यसैले वैदेशीक रोजगारीको क्रममा सिकेको सीप स्वदेशमा उचित तरिकाले प्रयोग गरिएको छ वा छैन भन्ने विषयको यथार्थ जानकारी हासिल गर्ने प्रयास यस शोधमा गरिएको छ (राई, २०६८) ।

## १.३ अध्ययनको उद्देश्य (Objectives of Study)

यस अध्ययनको उद्देश्य नुवाकोट जिल्ला चारघरे गा.वि.स. मा वैदेशीक रोजगारीले आर्थीक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्नु हो भने यसका विशिष्ट उद्देश्यहरु निम्न प्रकारका छन् ।

(क) वैदेशीक रोजगारीमा जानुपर्ने कारणहरु पत्ता लगाउनु ।

(ख) वैदेशीक रोजगारीमा जानुपुर्व र गए पछिको उनीहरुको आर्थीक अवस्थाको तुलनात्मक विश्लेषण गर्नु ।

(ग) वैदेशीक रोजगारीबाट प्राप्त आयले उनीहरुका बालबालिको शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु ।

## १.४ अनुसन्धान प्रश्न (Research Question)

यस अध्ययनमा नुवाकोट जिल्ला चारघरे गा.वि.स. का युवाहरु वैदेशीक रोजगारीका लागी गएका छन् तिनीहरुको आर्थीक तथा शैक्षिक अवस्था कस्तो रहेछ भन्ने कुरालाई आधारमानी निम्न प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ ।

(क) नुवाकोट जिल्ला चारघरे गा.वि.स. भित्र वैदेशीक रोजगारीमा जानेहरुको स्थिति कस्तो छ?

(ख) वैदेशीक रोजगारीमा जाने व्यक्तिहरुको घर परिवारको आर्थिक स्थितिमा कुनै परिवर्तन आएको छ?

(ग) सबै भन्दा बढि कुन अवस्था भएका युवाहरु वैदेशीक रोजगारीमा जाने गरेका छन्?

(घ) के वैदेशीक रोजगारबाट प्राप्त आम्दानी उत्पादन क्षेत्रमा लगाइएको छ?

(ङ) वैदेशीक रोजगारीमा जाने युवाहरुको सामाजिक अवस्था कस्तो छ?

(च) वैदेशीक रोजगारीमा जाने युवायुवतिहरको बालबालिकाको शैक्षिक अवस्था कस्तो रहेको छ?

(छ) वैदेशीक रोजगारीमा जानुपर्ने कारण के हो?

(ज) वैदेशीक रोजगारमा गएका सबै परिवारको आर्थीक अवस्था सुधार भएको छ?

## १.५ अध्ययनको महत्व (Significance of the Study)

नेपालमा रहेको अदृश्य रोजगारीको अवस्था भयावह छ । नेपालमा कुल जनसंख्याको २६ प्रतिशत मात्र सेवा तथा उद्योग क्षेत्रमा सहभागी छन् । खासगरी सीपमुलक, शिक्षाको कमि, परम्परावादी चिन्तन जस्ता कारण मानिस जीवन निर्वाहमुखी क्षेत्रमा रुमल्लिएको अवस्था छ, जुन रोजगारीको मुल कारण पनि हो ।

चारघरे गा.वि.स.मा रहेका वैदेशीक रोजगारीसँग आवद्ध रहेर परिवारको आर्थीक तथा सामाजिक स्थितिमा के कस्तो सुधार ल्याएका छन् ? उनीहरुको आर्थीक अवस्था पहिले

र अहिलेमा के फरक आएको छ ? त्यसले परिवारमा कस्तो प्रभाव पारेको छ? यसरी त्यसबाट आर्थीक स्थिति मजबुद बनाउन सफल परिवारहरुको शिक्षामा गरिएको लगानी कस्तो छ भन्ने सन्दर्भमा यो अध्ययन उपयोगी हुनेछ ।

वैदेशीक रोजगारीमा जाने सबैले आर्थीक सुधार गर्छ भन्ने छैन । यसका पनि सकारात्मक तथा नकारात्मक पक्षहरु रहेका छन् । यद्यपी नकारात्मक भन्दा सकारात्मक पक्ष बढि अवस्थामा रहेको छ । जुन अहिले भइरहेको वैदेशीक रोजगारी प्रतिको माहोलले प्रष्ट पार्दछ । त्यसैले रोजगारीको कारणले देखापर्ने सकारात्मक र नकारात्मक पक्षहरुको बारेमा जानकारी हासिल गर्न चाहनेहरुका लागी पनि यो शोध अति नै प्रभावकारी रहनेछ । यसका साथै यस अध्ययनको महत्व निम्नानुसारको रहेको छ ।

क) वैदेशीक रोजगारीमा गएका युवाहरुको समस्या कस्ता छन्? पत्ता लगाउनु महत्वपुर्ण रहेको छ ।

ख) वैदेशीक रोजगारीको सकारात्मक पक्षको जानकारी दिने आधार प्रदान गरिएको छ ।

ग) वैदेशीक रोजगारीको सबालमा रहेको जल्दाबल्दा समस्याहरुको सत्य, तथ्य घटनाहरुको विश्लेषण गरि जानकारी दिइएको छ ।

घ) वैदेशीक रोजगारीका लागी विदेश जाने नेपालीहरुलाई आवश्यक सल्लाह, सझाव, सजगता अपनाउनका लागी मार्ग निर्देशन गरिएको छ ।

ङ) सरकारले वैदेशीक रोजगारी सम्बन्धी अपनाउनुपर्ने सावधानीहरुको जानकारी दिइएको छ ।

## १.६ अध्ययनको सीमाहरु (Limitations of the Study)

अधययनकर्ताको समय लागत र आवश्यक पर्ने जनशक्तिको सिमितताको कारण यस अध्ययनलाई निम्न सिमाभित्र रही सम्पन्न गरिएको छ ।

क) यो अध्ययन नुवाकोट जिल्लाको चारघरे गा.वि.स.का ९ वटा वडाहरुमा सिमित रहेको छ । किनकी अध्ययनकर्ता अध्ययन गर्न चाहने ठाउँसँग पुर्ण रुपले परिचित र उक्त

ठाउँको अध्ययनले उद्देश्यमा पुग्न सफल हुने भएकाले उक्त ठाउँ प्राथमिकतामा रहेको छ ।

ख) यस अध्ययनमा नागरिकता लिएर विदेशमा बसेका र खुल्ला सिमानाका कारण भारत गएर काम गरेको व्यक्तिलाई समावेश गरिएको छैन ।

ग) आर्थीक अवस्था अन्तगर्त वैदेशिक रोजगारीमा जानु पूर्व र पछिको आम्दानी  खर्च र बचतलाई समावेश गरिएको छ ।

घ) वैदेशीक रोजगारीमा आवद्ध भएका युवाहरुको परिवारका बालबालिकाहरुको शैक्षिक स्तर अध्ययनमा समावेश गरिएको छ ।

ङ) यस अध्ययनमा वि.स. २०७० देखि २०७४ साल सम्मको आम्दानी र खर्चलाई समावेश गरिएको छ ।

च) यदि कुनै घरबाट एकजना भन्दा बढि विदेश गएको भए सामान्य सम्भावना युक्त नमुना छनौट विधी अर्न्तगर्त चीट्ठा प्रणाली द्वारा एकजनालाई छनौट गरिएको छ ।

छ) वैदेशिक रोजगारीमा संलग्न घरधुरी मध्ये एक घरबाट एकजना मात्र समावेश गरिएको छ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा (Operational Definition of Word)

**वैदेशीक रोजगारी** :- कानुनी रुपमा निश्चित समयको लागी आफ्नो देश रोजगारीका लागी अरु देश गएको अवस्था

**विप्रेषण** :- वैदेशीक रोजगारीबाट स्वदेशमा भित्रीएको रकम ।

**रोजगारी** :- उत्पादनका साधनहरु गतिशिल अवस्थामा रहनु ।

**बार्षिक आम्दानी** :- एक वर्षभरिमा प्राप्त गरेको आम्दानी ।

**बार्षिक खर्च** :- एक वर्ष भित्रमा गरिएको खर्च ।

**बार्षिक बचत** :- कुल बार्षिक आम्दानी र कुल बार्षिक खर्च बीचको अन्तर ।

**GDP** :- कुनै निश्चित समय अवधि खासगरि (एक वर्षभित्र) देशभित्र उत्पादन गरिएका अन्तिम वस्तु तथा सेवाहरुको मौद्रिक मुल्यालाई नै कुल ग्राहस्थ उत्पादन भनिन्छ ।

**गरिबि** :- आफ्नो आधारभुत आवश्यकता पुरा गर्न नसक्ने अवस्था नै गरिबि हो ।

## १.८ अध्ययनको संगठन (Organization of Study)

"प्रस्तुत वैदेशीक रोजगारले स्थानीय क्षेत्रमा शैक्षिक तथा आर्थीक क्षेत्रमा पारेका प्रभाव" नामक शिर्षकमा गरेको अनुसन्धानलाई ५ अध्यायमा विभाजन गरिएको छ । जस अन्तर्गत अध्याय एकमा परिचय, पृष्ठभुमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा, शब्दावलीको परिभाषा र अध्ययनको संगठन राखिएको छ । अध्याय दुईमा पुर्व साहित्य पुनरावलोकन, पुर्व साहित्यको समीक्षा, अवधारणा ढाँचा, तथ्याङ्क स्रोत, तथ्याङ्क संकलनका औजारहरु तथा तथ्याङ्क विश्लेषण रहेको छ भने अध्याय तीनमा अनुसन्धान विधी र तौर तरिका राखिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको परिचय रहेको छ । यसभित्र अध्ययन क्षेत्रको परिचय, अध्ययन क्षेत्रको भौगोलिक अवस्था, प्राकृतिक सम्पदाहरु, शैक्षिक अवस्थाहरु, गा.वि.स.को जनसंख्या स्थिति, जनसंख्या र परिवार जातीगत संरचना, धर्मका आधारमा जनसंख्या आदी उपशिर्षकलाई समेटिएको छ । त्यस्तै अध्याय पाँचमा तथ्याङ्कको विश्लेषण रहेको छ । त्यस्तै सारांश निप्कर्ष र सुझावहरु राखिएको छ । त्यसपछि अनुसुचीहरु तथा सन्दर्भ ग्रन्थहरु राखिएको छ ।

## अध्याय दुई (Chapter Two)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

## (Review of Related Literature and Conceptual Framework)

यस अध्ययनमा अनुसन्धानसंग सम्बन्धित विभिन्न प्रकाशित तथा अप्रकाशित लेख, रचना तथा साहित्यको पुनरावलोकन गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Revies of Theoretical Literature)

Giree, (2001) का अनुसार E.G. Ravenstein को प्रमुख "Law of Migration" लाई विश्लेषण गर्दै भनेको छन्: बसाइसराई Push factors and pull factors का कारणले हुन्छ । Push factors भन्नाले भुमिसम्बन्धी प्रणाली प्रतिकुल व्यापार, गरिबि र असमानता अनुसार हुन्छ भने Pull factors भन्नाले रोजगारी शिक्षा आधुनिकिकरण आदीलाई बुझिन्छ । यस प्रकार आन्तरिक अवस्था, रोजगारीको अभाव र विदेशको आकर्षणले मानिसलाई वैदेशीक रोजगारी अस्तित्वमा आउँछ भन्ने कुरा उल्लेख गरिएको छ । त्यसै गरी Seddon and Elvira का अनुसार Nepal's Remittance Economy मा सन् 1996/97 देखि 2003/04 सम्मको रेमिट्यान्सको परिवर्तनलाई प्राथमिकता दिँदै नेपालका श्रमिक विदेशी भुमिमा काम खोज्न जाने क्रम र रेमिट्यान्सको आय नेपालमा भित्रिने क्रम नाटकिय रुपमा बृद्धि हुँदै गइरहेको कुरा उल्लेख गरेका छन् । नेपाली अर्थतन्त्रमा ठुलो प्रभाव पारेको रेमिट्यान्सको वास्तविक र विश्वास लाग्दो अध्ययनको खाँचो रहेको कुरा समेत औंल्याएका छन् । Gurung/Gramer को अनुसन्धानलाई विश्लेषण गर्दै उक्त लेखमा भनिएको छ खाडि राष्ट्रमा जाने ५३५ नेपाली कामदारहरु विशिष्टकृत पेशा नभइकन श्रमिकको रुपमा गएको कुरा उल्लेख गरेका छन् । (वैदेशिक रोजगार विभाग, २०७४ )

भट्टराई (२००५) का अनुसार १२ योजनाको अन्त्य सम्म ५ लाखभन्दा बढि पुरुष र १ लाख महिला कामदार विदेशीने गरेका छन् । धेरैजसो नेपाली युवाहरु मलेसिया, कतार, दुबही, बहराइन देशहरुमा रोजगारीका निम्ती गएका छन् भने अन्य खाडी राष्ट्रहरुको तुलनामा मलेसियामा बर्षेनी धेरै नेपाली युवाहरु रोजगारीमा जाने गरेका छन् । नेपाली

कामदारहरुको प्रत्येक वर्ष १० अर्ब भन्दा बढि विप्रेशषण गरेका छन् । जसमा कुल विप्रेशषणमा महिलाको हिस्सा ११ प्रतिशत रहेको छ ।

घिमिरे (२०६१) का अनुसार विदेशमा नेपालीहरुको रोजगारी सेवा हुने भर्तिबाट भए पनि अहिले यो अत्यन्त व्यापक र वहुआयमिक बढ्दै गइरहेको छ । वैदेशीक रोजगार ऐन २०४२ जारी भएपछि औपचारीक ढंगले नै वैदेशीक रोजगार सम्बन्धी ऐन २०६४ तयार भई कार्यान्वयनमा आएको छ भने २०३८ मा श्रम विभाग र वि.सं. २०६५ मा स्थापना भएको वैदेशीक रोजगारले पनि उत्तिकै महङ्खवपुर्ण योगदान पुऱ्याएको देखिन्छ । उनका अनुसार, गरेको अनुसन्धानमा भारत बाहेक तेस्रो मुलुकतर्फ गएका नेपाली कामदारमध्ये झन्डै ८६ प्रतिशत खाडि मुलुकहरुमा मात्र गएको छ बाँकी विश्वका अन्य मुलुकहरुमा गएको देखाइएको छ । उक्त अध्ययनमा नेपाली वैदेशीक रोजगारको क्षेत्र मुलतः खाडि मुलुकहरुमा मात्र केन्द्रित भएको हुनाले तुलनात्मक रुपले नेपाली कामदारहरुको न्युन तलब प्राप्त गर्ने गरेकोले काममा जाँदा झेल्नुपरेका विभिन्न समस्याहरु विदेशमा काम गर्दा सहनु परेको पीरमर्काहरुको बारेमा पनि उक्त अध्ययनमा व्याख्या गरिएको छ ।

काफ्ले (२०६६) का अनुसार वैदेशीक रोजगारीमा गएकाले आफ्नो परिवारहरुलाई पठाएको विप्रषण रकम (Worker's remittance) विदेशबाट प्राप्त निवृत्ति भरण जस्ता रकम पर्दछन् । झण्डै एक दशक अघि देखि नेपालीहरु रोजगारीको लागी विदेश जाने प्रवृत्ति बढ्दै गएको फलस्वरुप ट्रान्सफर शिर्षक तर्फ सबैभन्दा बढि रकम वैदेशीक रोजगारीबाट प्राप्त विप्रेषणको हुने छ । यसले गर्दा ट्रान्सफरमा उल्लेख बचत हुने र सो बचतले वस्तु तथा अन्य आय शिर्षकमा हुने हुँदा घाटालाई पुर्ति गरि चालु खातामा समेत वचत हुने योगदान गरेको छ ।

के.सी. (२०७०) का अनुसार वैदेशीक रोजगार सेवा भन्नाले जीवन निर्वाह गर्न गरिने काम, पेशा व्यवसायलाई रोजगार भन्ने बुझिन्छ । अर्थात, विकाशोन्मुख देशमा रोजगार पर्याप्त अवसर नभएका कारण विकसीत देशतिर वैदेशीक रोजगार पर्याप्त अवसर पाउने र आफ्ना आवश्यकता पुरा हुने गरी श्रम शक्तिको आपुर्ति हुनु भन्ने बुझिन्छ भने नेपालमा वैदेशीक रोजगार भन्नाले भारत भन्दा बाहिर अमेरिका, जापान, कोरिया गएर काम गर्नु भन्ने बुझिन्छ । उनका अनुसार विश्वमा औधोगिकीकरण सँगसँगै भएका शहरीकरण एवं आधुनिकीकरण तथा हाल आएर विश्वव्यापीकरणका कारण पनि अन्तराष्ट्रिय बजारमा

श्रम शक्तिको मात्र बढ्दै गएको हो । विश्वव्यापीकरणले गर्दा विश्व एउटा सानो गाउँ जस्तो हुन गएको छ । उत्पादन प्रक्रिया सबै सेवामा विशिष्टिकरणले महत्वपुर्ण स्थान लिएको छ भने विश्वका जुनसुकै देशमा उत्पादीत वस्तु तथा सेवाहरु सजिलैसँग उपभोगका लागी उपलब्ध हुन थालेका छन् । अर्कोतिर विश्वका सबै मुलुकहरु अति विकसित एवम् शक्तिशाली राष्ट्रहरु अगाडि देखिएका छन् भने विकासोन्मुख राष्ट्र तथा अविकसित राष्ट्रका विविध स्रोत साधनहरु माथी शोषण गरेको पाइन्छ । अन्तराष्ट्रिय बजारमा मागका आधारमा आफ्ना उत्पादनलाई प्रतिस्पर्धा गर्न तिव्रताको क्रमसँगै विकासोन्मुख र अविकसित राष्ट्रहरुमा यस्तो श्रम शक्तिको माग पनि बढ्दै गएको छ । यसले गर्दा वैदेशीक रोजगारमा जाने क्रम पनि तीव्र वढ्दै गएको छ ।

## २.२ पूर्व अध्ययनको पुनरावलोकन (Review of Previous Study)

अधिकारी (२०६५) का अनुसार विदेशबाट प्राप्त आयले गरिबी निवारणमा मेरुदण्डको काम गरेको छ । त्यसैगरि उनले आफ्नो लेखमा विप्रेषण नहुने हो भने गरिबिको रेखामुनिको गरिबि ३१ प्रतिशत बाट बढेर ३६.३७ प्रतिशत हुने थियो भनि उल्लेख गरेका छन् । उनले निष्कर्षमा विप्रेशण आय घरायसी खर्च मात्र नभएर पुँजि निर्माणमा पनि ठुलो भुमिका हुने निष्कर्ष निकालेका छन् । यस अध्ययनमा ३ वटा उद्देश्यमा केन्द्रित छ उक्त उद्देश्यमा वैदेशीक रोजगारीमा जानुपर्ने कारणहरु पत्ता लगाइएको थियो । तथ्याङ्क संकलनका लागी प्रश्नावली, छलफल, अवलोकन, अन्तर्वार्ता लक्षित समुह छलफललाई प्रयोग गरिएको थियो ।

खत्रि (२०६९) मा रहेको अध्ययन अनुसार वैदेशीक रोजगारबाट फर्केका प्रायः धेरै कामदारहरुको आर्थीक तथा शैक्षिक अवस्थामा सुधार आएको वैदेशीक रोजगारमा गई फर्किएका कामदारहरुले प्रायः अनुत्पादीत क्षेत्रमा लगानी गरेर कृषिमा संलग्न भई अर्धवेरोजगार अवस्थामा रहेको नेपालीहरुले वैदेशीक रोजगार सेवालाई आफ्नो रोजगारीको माध्यम बनाइएको छ । वैदेशीक रोजगारीको मामीलामा काम गर्न जाने देखि लिएर घरमा अभिभावकहरु समेत प्रायः ठगिएको पाइन्छ । यस व्यवसायलाई अनैतिक अमर्यादित, अवैधानिक आर्जनको रुपमा हेर्नेहरुको नियन्त्रण भएको छैन भन्ने निष्कर्ष निकालेको थियो ।

टण्डन (२०७०) का अनुसार विदेशी लगानीले स्वदेशी उत्पादनमा बृद्धिगरि परनिर्भरतालाई हटाउँदै आत्मनिर्भर बनाउन सक्छ । रेमिट्यान्सले कुल उत्पादनको भ्रण्डै २५ प्रतिशत योगदान रहेको छ । रेमिट्यान्सको योगदान राम्रो वा प्रभाव देखिएको र भ्रण्डै ८० प्रतिशत रकम उपभोगमा खर्च भएको छ र करिब ५ प्रतिशत मात्र उत्पादनशील क्षेत्रमा खर्च भएको विभिन्न अध्ययन तथा अनुसन्धानबाट जानकारी हुन्छ । यसरी यी माथी उल्लेख गरिएको विविध अनुसन्धान भन्दा यस अनुसन्धानमा वैदेशीक रोजगारीमा जाने नेपाली युवाहरुको त्यहाँ जानुभन्दा पहिलेको आर्थिक, शैक्षिक अवस्था, रेमिट्यान्सको क्षेत्रगत लगानी र त्यसबाट प्राप्त प्रतिफल तथा वैदेशीक रोजगारीबाट प्राप्त आयले पारेको आर्थिक तथा शैक्षिक प्रभावको विश्लेषणका बारेमा नेपालको नुवाकोट जिल्ला चारघरे गा.वि.स. लाई नमुना छनोट गरि अनुसन्धान गरिएको हुँदा यो अनुसन्धान भन्दा फरक छ ।

Giree (2071) का अनुसार आन्तरिक अवस्था रोजगारीको अवस्था र विदेशको आकर्षणले मानिसलाई वैदेशीक रोजगारीको अस्तित्वमा आउँछ भन्ने कुरा उल्लेख गरिएको छ भने उन का अनुसार नकारात्मक अथवा वैदेशीक रोजगारीको खराव पक्षमा श्रमीकको तीव्र पलायनको कारण कृषि उत्पादनमा ह्रास आउन सक्ने तर्क पनि सचेत गरिएको छ भन्ने कुरा उल्लेख गरेका छन् ।

## २.३ पूर्व साहित्यिक पुनरावलोकनको प्रस्तुत अध्ययनमा प्रयोग

**(Implication of the Review for the Studey)**

यस अध्ययनका विभिन्न सैद्धान्तिक साहित्यको पुनरावलोकन र पूर्व साहित्यको अध्ययन अन्तर्गत विभिन्न पत्रपत्रिका, लेख, रचना, जर्नल, प्रकाशीत र अप्रकाशीत शोधपत्रलाई आधार बनाइएको छ ।

नेपाल राष्ट्र बैङ्क (२०६२) का अनुसार गरेको अनुसन्धानमा भारत बाहेक तेस्रो मुलुकमा गएका नेपाली कामदार मध्ये भ्रण्डै ८६ प्रतिशत खाडि मुलुकहरुमा मात्र गएको छ । भट्टराई (२०५५) का अनुसार १२ वर्षको अन्त्य सम्म ५ लाख भन्दा बढि पुरुष र १ लाख महिला कामदार विदेशीने गरेका छन् । धेरै जसो नेपाली युवाहरु खाडि मुलुकमा गएको पाइयो । यहाँ विदेशबाट प्राप्त आयले गरिबी निवारणमा मेरुदण्डको काम गरेको छ । त्यसैगरि उनले आफ्नो लेखमा विप्रेषण नहुने हो भने गरिबिको रेखामुनिको गरिबि ३१

प्रतिशत बाट बढेर ३६.३७ प्रतिशत हुने थियो भनि उल्लेख गरेका छन् । त्यसैगरि, टण्डन (२०७०) का अनुसार विदेशी लगानीले स्वदेशी उत्पादनमा बृद्धिगरि परनिर्भरतालाई हटाउँदै आत्मनिर्भर बनाउन सक्छ । रेमिट्यान्सले कुल उत्पादनको झण्डै २५ प्रतिशत योगदान रहेको छ ।

घिमिरे (२०६८) ले गरेको एक अध्ययनले भने विदेशी भुमिमा पुगेको हाम्रो धेरै दाजुभाई दिदीबहिनीले दुःख पाएको कुरा बताउँदै रोजगारीमा जानुपुर्व तालीम प्रशिक्षण अभिमुखिकरण तालिम अन्तर्क्रिया छलफलबाट त्यस क्षेत्रको ज्ञान लिइसकेपछि मात्र रोजगारमा जानु राम्रो हुन्छ भन्ने सुझाव दिनु भएको छ । उनका अनुसार वैदेशीक रोजगारको आर्थीक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययनमा नेपाली कामदारहरु पारिवारीक, आर्थीक कमजोर र नेपालमा रोजगारी नभएको कारण विदेशीएको पाइन्छ । खाडि राष्ट्रमा कम आम्दानी भएतापनि उनीहरुको आफ्नो पारिवारीक, आर्थीक, शैक्षिक आवश्यकताहरु आम्दानी अनुसार परिपुर्ति गरेको पाइन्छ । घिमिरे (२०६१) का अनुसार विदेशमा नेपालीहरुको रोजगारी सेवा हुने भर्तिबाट शरु भए पनि अहिले यो अत्यन्त व्यापक र बहु आयमिक बन्दै गइरहेको छ र यसले आर्थिक तथा शैक्षिक क्षेत्रमा कमजोर अवस्था रहेको जनताहरुको लागी एउटा महत्वपुर्ण औजार बनेको छ र वैदेशीक रोजगारीले यस क्षेत्रमा संलग्न रहेका जनताहरुको गुणस्तरीय जीवन बनेको छ ।

के.सी. (२०७०) का अनुसार वैदेशीक रोजगार सेवा भन्नाले जीवन निर्वाह गर्न गरिने काम, ईलम, पेशा वा व्यवसाय रोजगार भन्ने बुझिन्छ । श्रम तथा यातायात व्यवस्था मन्त्रालय (२०६७) का अनुसार विश्वमा औधोगिकिकरण सँगसँगै भएका शहरीकरण एवं आधुनिकिकरण तथा हाल आएर विश्व व्यापीकरणका कारण अन्तराष्ट्रिय बजारमा श्रम शक्तिको मात्रा बढ्दै गएको हो । यसले वेरोजगारी अवस्थामा रहेका मानिसहरुलाई जीवन निर्वाह गर्न गरिने इलम, पेशा वा व्यवसाय गर्न सहयोग पुगेको छ ।


Giree (2071) का अनुसार आन्तरिक अवस्था रोजगारीको अवस्था र विदेशको आकर्षणले मानिसलाई वैदेशीक रोजगारीको अस्तित्वमा आउँछ भन्ने कुरा उल्लेख गरिएको छ भने उन का अनुसार नकारात्मक अथवा वैदेशीक रोजगारीको खराव पक्षमा श्रमीकको तीव्र पलायनको कारण कृषि उत्पादनमा ह्रास आउन सक्ने तर्क पनि सचेत गरिएको छ भन्ने कुरा उल्लेख गरेका छन् ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

यस अध्ययनमा साहित्यको पुनरावलोकन प्रश्चात र यस अध्ययन बीचमा अनुसन्धानमा अन्तर (Research Gap) यस प्रकारको रहेको छ । साहित्यको पुनरावलोकन नमुना छनोट विधीको माध्यमबाट सीमीत जनसंख्याबाट तथ्याङ्क लिई विश्लेषण गरिएको थियो भने यस अध्ययनमा वैदेशीक रोजगारीमा संलग्न हुने घर परिवारलाई समानुपातिक नमुना छनोट विधीको माध्यमबाट छनोट गरि वास्तविक र यथार्थ तथ्याङ्क लिइएको छ । साहित्यको पुनरावलोकनमा प्रश्नावलीमा मात्र प्रयोग गरि तथ्याङ्क संकलन गर्दा सहि नहुने/सहि नभएको पनि हुन सक्दछ तर घर परिवार तथा वैदेशीक रोजगार फर्किएका युवायुवतीलाई समावेश गरि लक्षित समुह छलफलको माध्यमबाट सत्य र यथार्थ रोजगारसँग सम्बन्धित घर परिवारको आर्थीक तथा शैक्षिक क्षेत्रको बारेमा विश्लेषण गरिएको छ । साथै विप्रेषणबाट उनीहरुको परिवारको शिक्षामा गरिएको लगानीलाई देखाइएको छ । जसले साहित्यको पुनरावलोकनमा प्रभावको विश्लेषण गर्न पनि सहज भएको छ । त्यसैले साहित्यको पुनरावलोकन भन्दा यस अध्ययनको निचोड सत्य र वास्तविक छ भन्ने आशावादी रहेको छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Frame Work)


वैदेशीक रोजगारीमा जानुअघि वा पछि उनीहरुको परिवारको आर्थिक तथा शैक्षिक अवस्थाको अवधारणात्मक संरचना यस प्रकार रहेको थियो ।




;|f]tM– af]ul6, @)&$

## २.६ अध्ययनको कार्यात्मक ढाँचा (Functional Framework of the Study)

वैदेशीक रोजगारबाट प्राप्त आम्दानी, क्षेत्रगत खर्च एवम् बचत प्रवृत्तिको अध्ययनको ढाँचा यस प्रकार रहेका छन् ।



## अध्याय तीन (CHAPTER THREE)

### ३. अनुसन्धान विधि र तौरतरिकाहरु (Research Method and Procedures)

कुनै पनि अनुसन्धानमा उद्देश्य प्राप्तीका लागी आवश्यकता प्रकृति अनुसार विभिन्न विधी र प्रक्रियाको प्रयोग गरिएको हुन्छ । अनुसन्धान विधी र प्रक्रिया तय गार्दा सम्बन्धित उद्देश्य र प्रकृति अनुसार तय गर्नु पर्ने भएकाले यस अनुसन्धानमा निम्न अनुसारको अनुसन्धान विधी प्रयोग गरिएको छ ।

### ३.१ अध्ययनको ढाँचा र विधि (Design and Methods of The Study)

प्रस्तुत अध्ययन वैदेशीक रोजगारले आर्थीक तथा शैक्षिक अवस्थामा पारेको प्रभावमा केन्द्रित छ । यस अध्ययनमा तथ्यांकलाई वर्णनात्मक तथा विश्लेषणात्मक दुबै अनुसन्धान ढाचाँको प्रयोग गरिएको छ । अध्ययनलाई पूर्णता दिन आवश्यक तथ्याङ्क जुटाउनका लागि अनुसन्धान गर्दा प्राथमिक द्धितिय तथ्यांकको प्रयोग गरि विश्लेषण गरिएको छ । प्राथमिक र द्धितिय तथ्यांकको विश्लेषण गर्दा वर्णनात्मक, तुलनात्मक, तालिकिकरण तथा चीत्रबाट प्रस्तुत गरिएको छ ।

### ३.२ तथ्यांकको स्रोतहरु (Sources of Data)

यस अध्ययनमा प्राथमिक तथा द्धितीय तथ्यांक प्रयोग गरिएको छ । तथ्यांकका स्रोतलाई यस प्रकार उल्लेख गरिएको छ ।

#### ३.२.१ प्राथमिक स्रोतहरु (Primary Sources)

प्रस्तुत अध्ययनको प्राथमिक स्रोत अन्तर्गत अनुसन्धान स्थलका वैदेशीक रोजगारीबाट फर्किएका व्यक्तिहरुसँग प्रश्नावलीका माध्यमबाट गरिएको अन्तर्वार्ताँद्वारा निकालिएका निष्कर्षहरु राखिएका छन् । अध्ययन क्षेत्रबाट सुचना सङ्कलन गर्ने क्रममा वैदेशीक रोजगारसँग सम्बन्धित घर परिवारका अभिभावकहरुसँग प्रश्नावलीका माध्यमबाट अन्तर्वार्ता लिई तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यसैले यस अध्ययनको लागी प्राथमिक तथ्याङ्कका स्रोतहरु भनेको वैदेशीक रोजगारबाट फर्किएका युवायुवतीहरु र सोही युवायुवतीका घरपरिवारका अभिभावकहरु हुन् ।

### ३.२.२ सहायक स्रोतहरु (Secondary Sources)

अध्ययन कार्यलाई प्रभावकारी बनाउन द्वितीय स्रोतहरुमा सम्बन्धित क्षेत्र वा विषयसँग मिल्ने खालका संस्थाहरु, पत्रपत्रिका, प्रकाशीत विभिन्न रिपोर्टहरु गाउँ विकास समिति, जिल्ला विकास समिति, श्रम मन्त्रालय, वैदेशीक रोजगार विभाग, नेपाल राष्ट्र बैङ्क, केन्द्रिय तथ्यांक विभागबाट प्राप्त तथ्यांक तथा अप्रकाशीत दस्तावेजलाई लिईएको छ ।

## ३.३ जनसंख्या नमुना आकार र नमुना रणनिति (Population Sample Size and Sample Strategy)

**जनसंख्या :**

यो शोधपत्रमा नुवाकोट जिल्लाको चारघरे गा.वि.स.लाई उद्देश्यमुलक नमुना छनोट विधीका आधारमा छनोट गरिएको छ । यस गा.वि.स.मा वैदेशिक रोजगारीमा संलग्न घरपरिवार ६०० रहेको छ जहाँ बाट १२० घरधुरीलाई समानुपातीक नमुना छनोट गरिएको छ जसलाई तालीका ३.१ बाट स्प्रष्ट पार्न सकिन्छ ।

**तालिका ३.१**

**वडागत रुपमा वैदेशीक रोजगारीमा सहभागी घरधुरी, २०७४**

| वडा नं. | कुल घरधुरी संख्या | वैदेशीक रोजगारीमा सहभागी घरधुरी संख्या | जम्मा |
|---|---|---|---|
| १ | ९५ | ४० | ८ |
| २ | ८२ | २० | ४ |
| ३ | ४२ | २५ | ५ |
| ४ | ११७ | १५ | ३ |
| ५ | २७६ | ६५ | १३ |
| ६ | २१५ | १३० | २६ |
| ७ | १७३ | ८० | १६ |
| ८ | २३७ | ११० | २२ |
| ९ | २२६ | ११५ | २३ |
| जम्मा | १४६३ | ६०० | १२० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

माथीको तालीकामा वैदेशीक रोजगारीमा सहभागी घरधुरी ६०० भएकाले यो नै यस अध्ययनको कुल जनसंख्या हो ।

### ३.२.२ नमुना आकार (Sample Size)

यस अध्ययनमा वैदेशीक रोजगारीमा जाने ६०० घरपरिवार संख्याबाट १२० घर परिवार संख्या अर्थात् २० प्रतिशतलाई यस अध्ययनमा नमुनाको आकारको रुपमा लिईएको छ ।

### ३.२.३. नमुना छनोट रणनिती :

१. यस अध्ययनमा नुवाकोट जिल्लाको चारघरे गा.वि.स.लाई उद्देश्यमुलक नमुना छनोट विधिको आधारमा छनोट गरिएको छ । किनकी यस गा.वि.स.मा वैदेशीक रोजगार सम्बन्धि हालसम्म कुनै अध्ययन नभएकोले र अध्ययन कर्ताको स्थानीय क्षेत्र भएकाले तथ्याङ्क प्राप्त गर्न सजिलै सकिने भएकाले उक्त क्षेत्रलाई छनोट गरिएको छ ।

२. चारघरे गा.वि.स.मा वैदेशीक रोजगारीमा जाने घरपरिवार जम्मा संख्या ६०० रहेको र सबैलाई यस अनुसन्धानमा समेट्न नसकिएकोले १२० घरपरिवारलाई वडागत रुपमा सम्पूर्ण वडाको प्रतिनिधीहुने गरि नमुना छनोट गरिएको छ ।

३. जुन जनसंख्याको २० प्रतिशत हुन्छ ।

## तालिका ३.२

## नमुना छनोट घरधुरी, २०७४

| वडा नं. | कुल वैदेशीक रोजगारीमा संलग्न घरधुरी | नमुना छनोट संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ४० | ८ | २० |
| २ | २० | ४ | २० |
| ३ | २५ | ५ | २० |
| ४ | १५ | ३ | २० |
| ५ | ६५ | १३ | २० |
| ६ | १३० | २६ | २० |
| ७ | ८० | १६ | २० |
| ८ | ११० | २२ | २० |
| ९ | ११५ | २३ | २० |
| जम्मा | ६०० | १२० | २० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

### ३.४ अध्ययन क्षेत्र (Study Area/Field)

यस अध्ययनको क्षेत्र बाग्मती अञ्चलको नुवाकोट जिल्लामा अवस्थित छ । नुवाकोट जिल्ला मध्ये चारघरे गा. वि. स. यसको प्रमुख अध्ययन क्षेत्र हो ।

### ३.५ तथ्याङ्क संकलनका साधनहरु (Tools of Data Collection)

यस अध्ययनको शिर्षक छनोट प्रश्चात अध्ययनलाई पूर्णता दिनको लागि यसको प्रयोग गरिएका तथ्याङ्क संकलनका साधनहरु निम्नानुसार रहेका छन् :

### ३.५.१ प्रश्नावली (Questionaires)

अध्ययनलाई पुर्णता प्रदान गर्नका लागी अन्तवार्ता प्रश्नावलीको प्रयोग गरिएको छ। अन्तवार्ता प्रश्नावलीको प्रयोग वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुको घर परिवारको सुचना संकलनका लागि गरिएकोछ। यसलाई अनुसूची -२ मा देखाएको छ।

### ३.५.२ छलफल निर्देशिका (Discussion Guide)

लक्षित समुह छलफलका लागी वैदेशीक रोजगारबाट फर्केका मानिसहरुलाई समावेश गरि छलफल सम्पन्न गरिएको छ । त्यसका लागी छलफल निर्देशिका तयार गरिएको छ। जुन अवलोकन सुचीलाई अनुसुचि ३ मा देखाइएको छ।

### ३.५.३ अवलोकन सुची (Observation List)

यस अध्ययनको उद्देश्यलाई पूरा गर्न अध्ययनकर्ता आफैं वैदेशीक रोजगारमा गई फर्किएका कामदारहरुको घरमा गई उनीहरुको आर्थीक अवस्थाको बारेमा प्रत्यक्ष अवलोकन गरिएको छ । साथै छनोटमा परेका घरपरिवारको आर्थीक अवस्था, जग्गा, जमिन, भौतिक सामाग्रीहरुको अवलोकन गरिएको छ। जसलाई अनुसुचि ४ मा देखाइएको छ।

## ३.४ तथ्याङ्क संकलन प्रविधिहरु (Tecniques of Data Collection)

यस अध्ययनको लागी तथ्याङ्क संकलन गर्न निम्न प्रविधीहरुको प्रयोग गरिएको छ।

## ३.५प्रत्यक्ष अन्तर्वार्ता (Direct Intrviwe )

यस अध्ययनमा प्राथमीक तथ्याङ्क संकलनको लागी अन्तर्वार्ताको रुपमा प्रश्नावलीको माध्यमबाट अन्तर्वार्ता अन्तर्गत प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता विधीको प्रयोग गरिएको छ।

## ३.६ लक्षीत समुह छलफल (Fouse Group Disussion)

यस अध्ययनको उद्देश्य परिपुतीका लागी आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नका लागी मिती २०७४-५-२९ गते बिहान १० बजे देखि दिउसो ३ बजे सम्म रामचन्द्र विकको सहयोगमा नमुना छनोटमा परेका सदस्यहर मध्ये १० जनालाई गा.वि.स. भवनको कोठामा दुई समुह बनाई प्रत्यक्ष सहभागीतामा आधारित भई निम्न प्रश्नहरु छलफल गरियो। घरको

अवस्था कस्तो छ ? खाने पानीको अवस्था कस्तो छ ? शैक्षिक अवस्था कस्तो छ ? जस्ता बारेमा छलफल संचालन गरिएको थियो ।

### ३.७ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनको लागी तथ्याङ्क संकलनका लागी अवलोकन विधीको प्रयोग गरिएको छ । उत्तरदाताहरुको बच्चाबच्चीको शैक्षिक स्तर साथै बस्दै गरेको घरको अवस्थाको र खानपान आदिको बारेमा अध्ययनकर्ता प्रत्यक्ष अध्ययन क्षेत्र गई अवलोकन गरिएको छ ।

### ३.८ तथ्याङ्क विश्लेषण र व्याख्याको तरिकाहरु (Interpretation and Analysis of Result)

अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न अनुसन्धान कर्ता स्वयम अध्ययन क्षेत्रमा गएर छनोटमा परेका वडाहरुबाट वैदेशिक रोजगारिमा जाने घरपरिवारको अभिभावकलाई भेट गरिएको थियो । आफ्नो अनुसन्धानको उद्देश्य स्प्रष्ट पार्दै आवश्यक तथ्यांक उपलब्ध गराईदिनको लागि सहयोग गरियो । यो अनुसन्धानमा तथ्यांक संकलन गर्नका लागि प्रश्नावलि, आवलोकन, छलफल, निर्देशन जस्ता साधनहरुको उपयोग गरिएको थियो । त्यसै गरि अन्तर्वार्ता, प्रत्यक्ष अवलोकन, विश्लेषणको तरिका जस्ता प्रविधीको उपयोग गरिएको थियो ।

# cWofo rf/ (Chapter Four)

## ४. तथ्याङ्कको विश्लेषण र व्याख्या (Analusis and Explanation of data)

### ४.१ नुवाकोट जिल्लाको परिचय (Introduction of Nuwakot District)

नेपाल अधिराज्यको ७७ जिल्लाहरुमध्ये मध्यमाञ्चल विकास क्षेत्रमा अवस्थीत बाग्मती अञ्चल भित्रका ८ वटा जिल्लाहरुमध्ये नुवाकोट जिल्लाको आफ्नै गौरवमय इतिहास, धर्म, वैभव, संस्कृति र परम्पराहरु छन् । व्यक्तिमात्रले होइन ऐतिहासिक तथा धार्मीक दृष्टिले पनि चर्चित जिल्लाको रुपमा नुवाकोट जिल्लालाई लिन सकिन्छ । नौ कोटहरु मिली बनेको नुवाकोट जिल्ला नामबाटै प्रशंसनिय बनेको छ । नयाँ नेपाल निर्माता स्व. श्री ५ वडा महाराज धिराज पृथ्वीनारायण शाहले आफ्नो नेतृत्व र नेपाली जनताको सहयोगबाट नेपालको निर्माण गरेका थिए । त्यसैले यस देशको उद्गम स्थलका रुपमा पनि लिइन्छ । नुवाकोट जिल्लालाई यहाँ दर्जनौं हिमश्रृङ्खला र नदिनाला तथा ऐतिहासिक पुरातात्विक सम्पदा सात तले दरवार जस्ता कुराहरुले शोभायमान जिल्लाको रुपमा चर्चित छ नुवाकोट जिल्ला, त्यसैले यस जिल्ला पृथ्वीनारायण शाहले भने झैं चारजात छत्तीस वर्णको फूलबारीको रुपमा रहेको छ । यहाँ रहेको जालपा देवीको मन्दिर, भैरवी मन्दिर जस्ता विभिन्न देवी देवताको नामबाट यस जिल्ला विश्वसामु पनि प्रख्यात रहन सफल भएको छ (जि. वि.स.कार्यालय, नुवाकोट), २०७४ ।

#### ४.१.१ भौगोलिक अवस्था (Geographical Condition)

नुवाकोट जिल्ला ८५° पुर्वि अक्षांस देखि ८५° ३० पश्चिम अक्षांस र २७° ५० उत्तर देखि २८°०५ उत्तर-दक्षिण देशान्तरमा अवस्थित रहेको छ । यो जिल्ला ३६१२ वर्ग कि.मी. फैलिएको छ । २०७२ को संविधान जारी भए प्रश्चात यस जिल्लालाई २ वटा संसदिय क्षेत्र २ नगरपालिका र १० वटा गाउँपालिकामा विभाजन गरिएको छ । वि.सं. २०६८ सालको जनगणना अनुसार यहाँको जनसंख्या २,८७,४२५ रहेको छ । यस अनुरुप पुरुषको संख्या १,४१,६८४ र महिलाहरु १,४५,७४१ रहेको पाइन्छ (जि.वि.स.-२०७४) ।

### ४.१.२. देशगत वैदेशिक रोजगारिको स्थिति

(आर्थीक वर्ष ०७३/०७४ को प्रथम आठ महिना)

**तालीका ४.१**

**विभिन्न देशमा वैदेशिक रोजगारीमा संलग्न माहिला तथा पुरुषको विवरण, २०७४**

| सि. नं. | देश | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कतार | ८५४६० | ११२५ | ८६५८५ | ३०.८९ |
| २ | मलेसीया | ४१६५१ | १३२५ | ४२९७६ | १५.३३ |
| ३ | साउदी अरब | ९२०९१ | १२५५ | ९३३४६ | ३३.३० |
| ४ | यु.ए.ई | २९०९१ | ५८८४ | ३४९७५ | १२.४३ |
| ५ | कुवेत | ६२१० | ५३९ | ६७४९ | २.४० |
| ६ | वहराइन | १८०६ | २२८ | २०३४ | ०.७२ |
| ७ | ओमन | १६०७ | ६६७ | २२७४ | ०.८१ |
| ८ | दक्षिण कोरिया | २०१९ | १०० | २११९ | ०.७५ |
| ९ | लेवनान | ३४ | ९२ | १२६ | ०.०४ |
| १० | इजराइल | ५५ | ७० | १२५ | ०.०४ |
| ११ | अफगानिस्थान | ९२१ | १ | ९२२ | ०.३२ |
| १२ | जापान | २७९९ | ९३ | २८९२ | १.०३ |
| १३ | अन्य | २७४७ | २३६५ | ५११२ | १.८२ |
| | जम्मा | २६६४९१ | १३७४४ | २८०२३५ | १०० |

स्रोतः वैदेशिक रोजगार विभाग २०७४

तालिका ४.१ मा आर्थीक वर्ष ०७३ /०७४ मा वैदेशिक रोजगारमा जाने मानिसहरु मध्ये साउदी अरबमा सबैभन्दा बडी ९३३४६ जना अर्थात ३३.३० प्रतिशत मानीसहरु वैदेशिक रोजगारमा गएको देखिन्छ भने इजराइलमा सबैभन्दा कम १२५ जना अथार्त ०.०४ प्रतिशत मानीस संलग्न भएको देखिन्छ । आठ महिनाको दौरानमा २ लाख ८० हजार २ सय ३५ जना मानिसहरु वैदेशिक रोजगारीमा गएपश्चात यस क्षेत्रमा युवा वर्गको उच्च आकर्षण

देखिएको छ । साथै वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीले नेपालको अर्थतन्त्रमा महत्त्वपूर्ण भुमिका खेलेकोछ ।

### ४.१.३ सामाजिक अवस्था (Social Condition)

नुवाकोट जिल्ला विभिन्न जातजातीको बसोबास भएको जिल्ला हो । पहाडी जिल्ला भएकाले बाहुन क्षेत्री नेवार जातीको बाहुल्यता रहेकाले यी जातीहरु नुवाकोट जिल्लामा बसोबास गर्दै आएका छन् ।

### ४.१.४ जनसंख्या जाती उमेरगत संरचना र पेशाको विवरण

यस गा.वि.स. को जम्मा जनसंख्या ८ हजार १ सय २ रहेको छ । गा.वि.स.मा जम्मा घरधुरी संख्या १,४५६ रहेको छ । ७ हजार ८ सय ४ जनसंख्या मध्ये पुरुष ३ हजार ९ सय ९० रहेको छ भने महिला ३ हजार ८ सय १४ रहेको छन् । तलको तालीकाबाट प्रत्येक वडामा रहेका जनसंख्या र परिवार संख्या देखाइएको छ ।

**तालीका ४.२**

**वडागत रुपमा जनसंख्या र घरपरिवारको विवरण, २०७४**

| वडा नं. | घरपरिवार | पुरुष | महिला | कुल जनसंख्या |
|---|---|---|---|---|
| १ | १३५ | ४७५ | ४४३ | ९१८ |
| २ | ८९ | २८८ | २४० | ५२८ |
| ३ | ८२ | २३० | २२४ | ४५४ |
| ४ | ४२ | १४८ | १४८ | २९६ |
| ५ | ११७ | ३४४ | २८२ | ६२६ |
| ६ | २७६ | ६७२ | ७७८ | १४५० |
| ७ | २१५ | ५५८ | ६१० | ११६८ |
| ८ | २७३ | ७७४ | ४३६ | १२१० |
| ९ | २२७ | ५०१ | ६५३ | ११५४ |
| जम्मा | १४५६ | ३९९० | ३८१४ | ७८०४ |

स्रोत : गा.वि.स.को अभिलेख चारघरे नुवाकोट २०७४

### ४.१.५ जाती :-

यस गा.वि.स. मा पनि देशकै जातीय विविधता अनुरुपको विविधता रहेको छ । यहाँ विभिन्न जातीको बसोबास रहेको छ । तलको तालीकामा गा.वि.स.को प्रत्येक वडा अनुसारको जातीय जनसंख्याको संरचना दिइएको छ ।

**तालिका ४.३**

**जातीगत रुपमा वैदेशिक रोजगारीमा संलग्न व्यक्तिको विवरण, २०७४**

| क्र. सं. | जाती | वडा | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| १ | ब्राह्मण | १२ | ५०१ | १३७ | २३ | ३१० | २७० | ४७० | ८९८ | ३ | २६२४ |
| २ | क्षेत्री | - | ११ | ३० | - | - | १८२ | १३७ | ३५७ | १२ | ७२९ |
| ३ | दलित | १० | १७ | ८४ | ११ | १०३ | ३८३ | ४०० | ३०७ | ८८ | १४०३ |
| ४ | जनजाती | ११६ | - | - | १६२ | १७२ | २०६ | ९९ | - | ९४ | ८४९ |
| ५ | राई | ६६ | - | २०३ | - | - | १७५ | - | - | - | ४४४ |
| ६ | कुमाल | - | - | - | - | - | - | - | - | १०३८ | १०३८ |
| ७ | अन्य | २८ | - | - | - | - | - | - | ३८ | ४४ | ११० |
| जम्मा | | २३२ | ५२९ | ४५४ | १९६ | ५८५ | १२१६ | ११०६ | १६०० | १२७९ | ७१९७ |

स्रोत : गा.वि.स.को प्रतिवेदन कार्यालय चारघरे नुवाकोट २०७४

यस अध्ययन क्षेत्रमा ब्राहमणको बाहुल्यता भएको कारण वैदेशिक जाने जनसंख्या पनि सबैभन्दा बढी ब्रामण्ड र सबैभन्दा कम अन्य जातीमा रहेको देखिनछ ।

### ४.१.६ उमेरगत रुपमा वैदेशीक रोजगारीमा सहभागिता (Age Wise Participation in Foreign Employment)

वैदेशीक रोजगारबाट फर्किएका व्यक्तिहरुको उमेरलाई चार भागमा विभाजन गरिएको छ । राष्ट्रिय जनगणना तथा औधोगिक जनगणनाले १५ देखि ४९ वर्ष सम्मको जनसंख्या आर्थीक रुपले सक्षम हो भनिएता पनि रोजगारीमा १८ वर्ष भन्दा तलको जनसख्यालाई पनि यस शोधपत्रमा राखिएको छैन । रोजगारीमा सामेल हुनका लागी १८ वर्ष नाघेको र ४० वर्ष पुरा नगरेकोले मात्र आवेदन दिन पाउने नियम छ । त्यस्तै ४५ वर्षभन्दा माथीको सन्दर्भमा भने ४० वर्ष ननाघिकन रोजगारीमा प्रवेश गरेको र उक्त रोजगार कम्पनीको करार अवधिमा राम्रो काम गरेर विश्वास दिलाउन सकेमा कम्पनीले पुन: काममा राख्न सकिन्छ । अध्ययन क्षेत्रमा उमेरगत रोजगारीमा सहभागी भएकाहरुको अवस्था यस्तो रहेको छ ।

**तालिका ४.४**

**उमेरगत रुपमा रोजगारीमा सहभागिता, २०७४**

| उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १८-२५ | २० | २५ | १५ | ३७.५ | ३५ | २९.१६ |
| २६-३५ | ३० | ३७.५ | १० | २५ | ४० | ३३.३३ |
| ३६-४५ | २० | २५ | १० | २५ | ३० | २५ |
| ४५ भन्दा माथी | १० | १२.५ | ५ | १२.५ | १५ | १२.५ |
| | ८० | १०० | ४० | १०० | १२० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालीका ४.३ अनुसार उमेरगत आधारमा वैदेशीक रोजगारमा जाने महिला र पुरुष सहभागितालाई केलाउँदा सबैभन्दा बढि २६-३५ उमेर समुहको ३३.३३ प्रतिशत रहेको

देखिन्छ । १८-२५ उमेर समुहको पनि वैदेशीक रोजगारमा बलियो सहभागिता देखिन्छ । त्यस्तै अन्य उमेर समुहका महिला र पुरुषको पनि सहभागिता देखिन्छ भने ४५ वर्षभन्दा माथी समुहमा चाहिँ महिला सहभागिता कम रहेको देखिएको छ।

### ४.१.७ वैदेशीक रोजगारीमा जानुभन्दा अगाडिको आर्थीक अवस्था

कृषि मजदुरी नै चारघरे गा.वि.स.को अर्थव्यवस्थाको प्रमुख मेरुदण्ड हो । सामान्य किसानी गरेर जीवन गुजारा गर्नु उनीहरुको दिनचर्या हो भने शिक्षण पेशा अपनाउने मानिसहरु पनि प्रशस्तै मात्रामा रहेको छ । अहिले आएर वैदेशीक रोजगार सेवा खुलेपछि उक्त रोजगारमा जाने मानिसको संख्या भने उल्लेख मात्रामा रहेको छ। चारघरे गा.वि.स.को प्रतिवेदन २०७४ ।

#### क) तहगत पारिवारिक आम्दानी (Level Wise Family Income)

यस गा.वि.स.को प्रमुख आम्दानीको स्रोत कृषि भएता पनि निजामति कर्मचारी, व्यापारी, शिक्षक तथा वैदेशीक रोजगारी पेशामा आवद्ध भएका मानिसहरुको बसोवास रहेको छ । यस अध्ययनमा वैदेशीक रोजगारीमा जानु भन्दा अगाडिको तहगत पारिवारिक आम्दानीलाई देखाउन खोजीएको छ।

**तालिका ४.५**

**तहगत पारिवारिक बार्षिक आम्दानी, २०७४**

| क्र.सं. | वार्षिक आम्दानी | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु २०,००० सम्म | ४० | ३३.३३ |
| २ | रु २०,०००-रु ७०,००० | ३५ | २९.१७ |
| ३ | रु ७०,०००- रु १२०,००० | ३० | २५.०० |
| ४ | आम्दानी नै नभएको | १५ | १२.५० |
| जम्मा | | १२० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.५ अनुसार अध्ययन क्षेत्रको वैदेशीक रोजगारीमा जानु भन्दाको पहिलाको पारिवारको तहगत आम्दानी देखाइएको छ । ४० घर परिवार संख्याले वार्षिक रु २०,००० सम्म आम्दानी गरेको देखिन्छ । ३५ घर परिवारले वार्षिक रु २०,००० देखि रु ७०,००० सम्म आम्दानी गरेको देखिन्छ । त्यस्तै रु ७०,००० देखि रु १२०,००० सम्म आम्दानी गर्ने ३० घर परिवार रहेको छ भने आम्दानी नै नगर्ने १५ घर परिवार रहेको देखिन्छ ।

### ख) स्रोतका आधारमा पारिवारिक आम्दानी (Family Income on the Basis of Source)

मानिसहरुको जीवनस्तर तथा जीवन शैली उनीहरुको आम्दानीको स्रोतले निर्धारण गरेको हुन्छ । यस अध्ययनमा पनि वैदेशीक रोजगारीमा जानुको कारण न्युन आम्दानी देखिएको छ । त्यसैले यहाँ उक्त रोजगारीमा जानुभन्दा पहिलेको पारिवारिक आम्दानी स्रोतलाई देखाइएको छ ।

**तालिका ४.६**

**स्रोतगत पारिवारिक वार्षिक आम्दानी, २०७४**

| क.सं. | आम्दानीका स्रोतहरु | आम्दानी रु मा (पहिले) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ३०,५०० | ६.६९ |
| २ | व्यापार व्यवसाय | ८५,४०० | १८.७३ |
| ३ | जागीर | १,९०,००० | ४१.६८ |
| ४ | घरेलु उद्योग | १,५०,००० | ३२.९० |
| जम्मा | | ४,५५,९०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.६ अनुसार वैदेशीक रोजगारीमा सहभागी हुनुपुर्व परिवारको स्रोतगत वार्षिक आम्दानी तथा आम्दानीको स्रोतलाई देखाइएको छ । यसमा सबैभन्दा बढि जागीरीबाट

भएको देखिन्छ । जसमा रु १,९०,००० (४१.६८%) आम्दानी गरेको देखिन्छ भने सबैभन्दा कम कृषिबाट रु ३०,५०० (६.६९%) भएको देखिन्छ ।

**ग) तहगत तथा स्रोतगत व्यक्तिगत आम्दानी (Level Wise and Source Wise Individual Income)**

यस अध्ययन वैदेशीक रोजगारीमा सहभागीहरुको उक्त रोजगारीमा जानुपूर्वको व्यक्तिगत आम्दानी तथा आम्दानीका स्रोतहरुलाई देखाउन खोजिएको छ ।

**तालिका ४.७**

**वैदेशीक रोजगारीमा जानुपुर्वको तहगत वार्षिक आम्दानी, २०७४**

| **क्र.सं.** | **वार्षिक आम्दानी** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | रु १०,००० देखि रु ३०,००० सम्म | २० | ४.८९ |
| २ | रु ३०,००० देखि रु ५०,००० सम्म | ५० | २०.४० |
| ३ | रु ५०,००० देखि रु ७०,००० सम्म | ३० | ४४.०७ |
| ४ | रु ७०,००० देखि रु १,००,००० | २० | ३०.६२ |
| जम्मा | | १२० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

## तालिका ४.८

## वैदेशीक रोजगारीमा जानुपुर्वको स्रोतगत व्यक्तिगत वार्षिक आम्दानी, २०७४

| क.सं. | वार्षिक आम्दानी | संख्या | आम्दानी (रु) | प्रतिशत |
|---|---|---|---|---|
| १ | व्यापार व्यवसाय | २० | १,२०,००० | ४.८९ |
| २ | कृषि | ५० | ५,००,००० | २०.४० |
| ३ | जागीर | ३० | १०,८०,००० | ४४.०७ |
| ४ | घरेलु उद्योग | २० | ७,५०,४०० | ३०.६२ |
| जम्मा | | १२० | २४,५०,४०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.७ र ४.८ का अनुसार वैदेशीक रोजगारीमा सहभागीहरुको रोजगारीमा जानुपूर्वको कुल आम्दानीका स्रोतहरुको अध्ययन गरिएको छ । उक्त तालिकामा व्यापार व्यवसायबाट २० घरपरिवार (४८९.%) ले रु १०,००० देखि रु ३०,००० सम्म आम्दानी गरेको देखिन्छ । कृषिबाट ५० (२०.४०%) ले रु ३०,००० देखि रु ५०,००० सम्म आम्दानी गरेको देखिन्छ । त्यस्तै जागीरबाट ३० (४४.०७%) ले रु ५०,००० देखि रु ७०,००० सम्म आम्दानी गरेको देखिन्छ । साथै २० घरपरिवारले ३०.६२ प्रतिशत मानीसले घरेलु उद्योगबाट बार्षीक आम्दानी गरेको देखिन्छ ।

## tflnsf $=(

**वैदेशीक रोजगार पछिको तहगत वार्षिक पारिवारिक आम्दानी, २०७४**

| क.सं. | वार्षिक आम्दानी | पारिवारिक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु २,००,००० सम्म | ५५ | ४५.८३ |
| २ | रु २,००,०००- रु ५,००,००० सम्म | ४० | ३३.३३ |
| ३ | रु ५,००,००० - रु १०,००,००० सम्म | २५ | २०.८३ |
| | जम्मा | १२० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका ४.९ अनुसार वैदेशीक रोजगार पछिको पारिवारिक आम्दानीको अवस्थालाई देखाइएको छ ।

### ४.१.८ स्रोतका आधारमा पारिवारिक आम्दानी (Family Income on the Basis of Source)

यस अध्ययनमा वैदेशीक रोजगारीमा सहभागी भएपछि पारिवारिक आम्दानीलाई देखाउन खोजिएको छ । वैदेशीक रोगारीमा सहभागी हुनेहरु सबैको आम्दानीको स्रोत भने एकै प्रकारको रहेको छैन । उक्त रोजगारीबाट प्राप्त आम्दानी र घरपरिवारको अन्य सदस्यहरुले गर्ने आम्दानीलाई जोडेर उनीहरुको पारिवारिक वार्षिक आम्दानी तथा औसत प्रतिव्यक्ति आम्दानीलाई तलको तालिकामा देखाइएको छ ।

### तालिका ४.१०

### वैदेशीक रोजगारीपछिको स्रोतगत पारिवारिक आम्दानी, २०७४

| क्र.सं. | आम्दानीका स्रोतहरु | आम्दानी रु मा | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ५,५०,००० | १३.३९ |
| २ | व्यापार व्यवसाय | ५,५०,००० | १३.३९ |
| ३ | जागीर | ११,००,००० | २६.७८ |
| ४ | घरेलु उद्योग | ७,५०,४०० | १८.२६ |
| ५ | वैदेशीक रोजगारी | ११,५७,००० | २८.१६ |
| जम्मा | | ४१,०७,४०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.१० अनुसार वैदेशीक रोजगारी पछिको परिवारको स्रोतगत वार्षिक आम्दानी तथा आम्दानीको स्रोतलाई देखाइएको छ । त्यसमा सबैभन्दा बढि वैदेशीक रोजगारीबाट आम्दानी भएको देखिन्छ । जसमा वार्षिक रु ११,५७,००० (२८.४५%) आम्दानी गरेको देखिन्छ भने सबैभन्दा कम कृषिबाट रु ५,५०,००० (१३.५२%) आम्दानी भएको देखिन्छ ।

**ख) तहगत व्यक्तिगत आम्दानी ( Level Wise Individual Income)**

देशहरुको विविधता अनुसार आफ्नै किसिमको ज्यालादर निर्धारण गरिएको हुन्छ । युरोपियन देशहरुको तुलनामा मलेसिया, कतार, बहराइन, साउदी अरब, दुबई जस्ता मुलुकहरुमा नेपाली कामदारको ज्याला कमि छ । त्यस्तै कामको प्रकृति तथा कम्पनी अनुसार पनि ज्यालादर फरक पर्न जान्छ । त्यस्तै दलालले झुक्याएर पहिले एक किसीमको तलब पाउने भन्ने तथा वैदेशीक रोजगारीमा गएपछि पाउने तलब कम हुने गुनासोहरु प्रशस्त हुन्छन् । यद्यपि सम्पुर्णको तलब अर्थात आम्दानी कमजोर रहने भने होइन कतिपयले राम्रो आम्दानी पनि गरेको पाईन्छ ।

## तालिका ४.११

## वैदेशिक रोजगारीको व्यक्तिगत आम्दानी, २०७४

| क्र.सं. | वार्षिक आम्दानी रु.मा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | रु ५०,००० देखि रु १२०,००० सम्म | ३० | २५.०० |
| २ | रु १२०,००० देखि रु २००,००० सम्म | ५० | ४१.६६ |
| ३ | रु २००,००० देखि रु २५०,००० सम्म | २० | १६.६६ |
| ४ | रु २५०,००० देखि रु ३००,००० सम्म | २० | १६.६६ |
| जम्मा | | १२० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.११ अनुसार वैदेशीक रोजगारीमा रहँदा विभिन्न किसिमको तलब थाप्नेहरु रहेको देखिन्छ । कुल ३० (२५ प्रतिशत) मानिसहरुले रु ५०,००० देखि रु १२०,००० सम्म तलब पाएको देखिन्छ । स्थलगत सर्वेक्षण अनुसार ५० (४१.६६ प्रतिशत) ले रु १२०,००० देखि रु २००,००० सम्मको तलब प्राप्त गरेका छन् भने २० (१६.६६ प्रतिशत) ले रु २००,००० देखि रु २५०,००० सम्म र २० (१६.६६ प्रतिशत) ले रु २५०,००० देखि रु ३००,००० सम्मको तलब थाप्ने गरेको पाइयो ।

### ४.१.९ वैदेशीक रोजगार अघि र पछिको आम्दानीको तुलना (Level Wise Individual Income)

वैदेशीक रोजगारीमा जानुको अर्थ नै विशेषगरी स्वदेशी आम्दानी कम भएर हो । अर्थात् थप आम्दानीलाई बृद्धि गर्नका लागी नै वैदेशीक रोजगारीलाई रोजिन्छ । यस अध्ययनमा पनि उक्त रोजगारीमा जानुको कारण न्युन आम्दानी देखिएको छ । त्यसैले यहाँ उक्त रोजगारीमा जानु पुर्व र गए पछिको आम्दानीलाई तुलना गरिएको छ ।

## तालिका ४.१२

### वैदेशीक रोजगार अघि र पछिको आम्दानीको तुलना, २०७४

| क्र.सं. | आम्दानीका स्रोतहरु | आम्दानी रु मा (पछि) | आम्दानी रु मा (अघि) |
|---|---|---|---|
| १ | कृषि | ५५०,००० | ५,००,००० |
| २ | व्यापार व्यवसाय | ५,५०,००० | १,२०,००० |
| ३ | जागीर | ११,००,००० | १०,८०,००० |
| ४ | घरेलु उद्योग | ७५०,४०० | ७५०,४०० |
| ५ | वैदेशीक रोजगारी | ११,५७,००० | - |
| जम्मा | | ४१,०७,४०० | २४,५०,४०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालीका ४.१२ अनुसार वैदेशिक रोजगारीमा संलग्न हुनु भन्दा अघि र भईसके पछिको आम्दानीको तुलना गरेकोछ वैदेशिक रोजगारीमा जानु भन्दा अगाडी कृषीबाट रु ५,००,००० व्यापार व्यवसायबाट रु १,२०,००० जागीरबाट रु १०,८०,००० घरेलु उद्योगबाट रु ७,५०,४०० आम्दानी भएको छ भने वैदेशिक रोजगारीमा संलग्न भएपश्चात कृषीबाट रु ५,५०,००० व्यापार व्यवसायबाट रु ५,५०,००० जागीरबाट रु ११,००,००० घरेले उद्योगबाट रु ७,५०,४०० र वैदेशिक रोजगारीबाट रु ११,५७,००० आम्दानी भएको छ ।

### ४.१.१० वैदेशीक रोजगारमा जानुभन्दा अगाडिको तहगत पारिवारिक खर्च (Level Wise Family Expenditure Before Foreign Employment)

यस अध्ययनमा वैदेशीक रोजगारमा जानुभन्दा अगाडिको तहगत पारिवारिक खर्चको अवस्था देखाईएको छ । जुन तालिका निम्नानुसार देखाइएको छ ।

### तालिका ४.१३

### वैदेशीक रोजगारमा जानुभन्दा अगाडिको तहगत पारिवारिक खर्च, २०७४

| क्र.सं. | वार्षिक खर्च | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु २००,००० | ५० | ४१.६६ |
| २ | रु २००,००० देखि रु ५००,००० | ४० | ३३.३३ |
| ३ | रु ५००,००० देखि रु १०,००,००० | ३० | २५.०० |
| जम्मा | | १२० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.१३ मा वैदेशीक रोजगारीमा जानुभन्दा अगाडिको तहगत पारिवारिक खर्चको अवस्थालाई देखाईएको छ । उक्त तालिकामा ५० (४१.६६%) घर परिवारले वार्षिक रु २००,००० सम्म खर्च गरेको देखिन्छ । ४० (३३.३३%) घर परिवारले रु २००,००० देखि रु ५००,००० सम्म खर्च गरेको देखिन्छ । त्यस्तै ३०(२५%) घर परिवारले रु १०,००,००० सम्म खर्च गरेको देखिन्छ ।

### ४.१.११ वैदेशीक रोजगार अघिको क्षेत्रगत पारिवारिक खर्च (Sector Wise Family Expenditure Before Foreign Employment)

खर्च र आम्दानी एक अर्कामा  सम्बन्धित हुन्छन् । आम्दानी बढ्दा खर्च पनि बढ्छ र आम्दानी घट्दा खर्च पनि घट्ने तरिका प्रत्येक व्यक्ति वा परिवारमा निहित रहन्छ । यस अध्ययनमा वैदेशीक रोजगार अघिको स्रोतगत वार्षिक पारिवारिक खर्च पत्ता लगाउनु रहेको छ । अध्ययन क्षेत्रमा सर्वेक्षण गर्दा आफ्नो आम्दानी बढि हुनेको खर्च पनि बढि तथा आम्दानी कम हुनेको खर्च पनि कम रहेको देखिन्छ । जसलाई निम्नानुसार देखाइएको छ ।

## तालिका ४.१४

## वैदेशीक रोजगार अघिको वार्षिक क्षेत्रगत खर्च, २०७४

| क.सं. | खर्च हुने क्षेत्र | खर्चको दर रु.मा | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षा | १२०,००० | ४.७२ |
| २ | खाद्यन्न | २५०,००० | ९.८४ |
| ३ | लत्ताकपडा | ३००,००० | ११.८१ |
| ४ | चाडपर्व | ५००,००० | १९.६८ |
| ५ | मल, बिऊ | ५००,००० | १९.६८ |
| ६ | औषधि उपचार | ५२०,००० | २०.४७ |
| ७ | यातायात खर्च | ३५०,००० | १३.७७ |
| जम्मा | | २५,४०,००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.१४ अनुसार वैदेशीक रोजगार अघिको वार्षिक स्रोतगत पारिवारिक खर्चलाई देखाइएको छ । १२० घरपरिवारका खर्च हुने क्षेत्रहरु शिक्षा, खाद्यन्न, लत्ताकपडा, चाडपर्व, मल, बिउविजन, औषधी उपचार तथा यातायात खर्च रहेको देखिन्छ । यहाँ शिक्षामा रु १२०,००० (४.७२%) , खाद्यन्नमा रु २५०,००० (९.८४%), लत्ताकपडामा रु ३००,००० (११.८१%), चाडपर्वमा रु ५००,००० (१९.६८%), मल बिउविजनमा रु ५००,००० (१९.६८%), औषधी उपचारमा रु ५,२०,००० (२०.४७%) र यातायात खर्च रु ३५०,००० (१३.७७%) सम्म वार्षिक खर्च गर्ने देखिन्छ ।

### ४.१.१२ वैदेशीक रोजगारीमा जानुभन्दा अगाडिको वार्षिक बचत तथा ऋण (Annual Saving and Loan Before Foreign Eployment)

चारघरे गा.वि.स.मा वैदेशीक रोजगारीमा जानुभन्दा अगाडिको उक्त रोजगारीमा सहभागी भएका घरपरिवारको बचत तथा ऋणको अवस्थालाई यस अध्ययनमा देखाइएको छ । न्युन आम्दानी गर्ने घरपरिवारको बाहुल्यता भएकाले प्राय उनीहरुको दिनचर्या ऋणामा नै चल्ने देखिएको छ भने एकदमै कम घर परिवारले मात्र बचत गर्ने गरेको देखिन्छ । त्यसमा पनि बचतको दर अति न्युन रहेको देखिन्छ । कतिपयको भने आम्दानी तथा खर्च

बराबरी हुने गरेकाले उनीहरुको बचत पनि नभएको तथा ऋणपनि नभएको यस अध्ययनमा देखिएको छ ।

**तालिका ४.१५**

**वैदेशीक रोजगारीमा जानुभन्दा अगाडिको वार्षिक बचत तथा ऋण**

| क.सं. | बचत | घरसंख्या | प्रतिशत | ऋण |
|---|---|---|---|---|
| १ | - | ५० | ४१.६६ | रु २०,००० देखि रु ६०,००० |
| २ | - | ४० | ३३.३३ | - |
| ३ | रु ३०,००० देखि रु ५०,००० सम्म | ३० | २५.०० | - |
| जम्मा | | १२० | १०० | - |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.१५ मा वैदेशीक रोजगारमा जानुभन्दा अगाडिको वार्षिक बचत तथा ऋणको अवस्थालाई देखाइएको छ । सर्वेक्षण गर्दा १२० घर परिवारबाट ४० (३३.३३ प्रतिशत) घरपरिवारले बचत तथा ऋण कुनै मा पनि नपरेको देखिन्छ । यसको मतलब आम्दानी जति हुन्छ त्यति नै सबै उपभोगमा खर्च गरेको बुझिएको छ भने बाँकी ५० (४१.६६ प्रतिशत) घरपरिवारले वार्षिक रु २०,००० देखि रु ६०,००० सम्म ऋण गर्ने गरेको देखिन्छ भने ३० (२५ प्रतिशत) घर परिवारले वार्षिक रु ३०,००० देखि रु ५०,००० सम्म बचत गर्ने गरेको देखिन्छ । यसरी तालिका अनुसार के भन्न सकिन्छ भने ऋणको दर बढ्दै जानु तथा बचत दर अति नै न्युन हुनुले गर्दा वैदेशीक रोजगारीमा गएको देखिन्छ ।

## ४.२ वैदेशिक रोजगार पछिको क्षत्रेगत खर्च

**तालीका ४.१६**

**वैदेशिक रोजगारी संलग्न भए पश्चातको क्षेत्रगत खर्च, २०७४**

| क. स | खर्च हुने क्षेत्र | खर्च दर रु | खर्च प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षा | ५०,००,००० | ११.२३ |
| २ | खाद्यान्न | ३,००,००० | ६.७४ |
| ३ | लत्ताकपडा | ५,५०,००० | १२.३५ |
| ४ | चार्डपर्व | १०,००,००० | २२.४० |
| ५ | मलबीउ | १०,००,००० | २२.४० |
| ६ | औषधी उपचार | ५,५०,००० | १२.३५ |
| ७ | यातायात | ५,५०,००० | १२.३५ |
| जम्मा | | ४४,५०,००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.१६मा वैदेशिक रोजगारीमा संलग्न भए पश्चात विभिन्न क्षेत्रमा गरिएको खर्चलाई देखाएको छ । जँहा शिक्षमा रु ५,००,००० (११.२३) खाधन्नमा रु ३,००,००० (६.७४) लत्ताकपडामा रु ५,५०,००० (११.३५) चाडपर्वमा रु १०,००,००० (२२.४०) मलबिउबिजनमा रु १०,००,००० (२२.४०) औषधी उपचारमा रु ५,५०,००० (१२.३५) यातायातमा रु ५,५०,००० (१२.३४) गरी जम्मा रु ४४,५०,००० खर्च भएको देखिन्छ ।

### ४.२.१ वैदेशीक रोजगार अघि र पछिको खर्चको तुलना (Comparison of Expenditure Before and After Foreign Employment)

आम्दानी बढे सँगै हरेक व्यक्तीको खर्चको क्षेत्र पनि बढ्ने छ । जुन हरेक व्यक्तिका लागी हुन्छ । आम्दानी नहुँदा मन खुम्च्याएर बस्नुपर्दाको पिडाले आम्दानी बढ्ने वित्तिकै हराएर जान्छ । यस अवस्थामा पनि अध्ययन क्षेत्रको वैदेशीक रोजगारी अघि र पछिको खर्च हेर्दा सोहि अनुरप देखिन्छ । अर्थात् उक्त रोजगारको कारणले नै खर्च शैलीमा बृद्धि भएको देखिन्छ । जसलाई तालिकामा देखाइएको छ ।

**तालिका ४.१७**

**वैदेशीक रोजगार अघि र पछिको खर्चको तुलना, २०७४**

| क.सं. | खर्च हुने स्रोतहरु | अघि (रु) | प्रतिशत | पछि (रु) | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | शिक्षा | १,२०,००० | ४.७२ | ५,००,००० | ११.२३ |
| २ | खाद्यन्न | २,५०,००० | ९.८४ | ३,००,००० | ६.७४ |
| ३ | लत्ताकपडा | ३,००,००० | ११.८१ | ५,५०,००० | १२.३५ |
| ४ | चाडपर्व | ५,००,००० | १९.६८ | १०,००,००० | २२.४० |
| ५ | मल बिऊ | ५,००,००० | १९.६८ | १०,००,००० | २२.४० |
| ६ | आषधी उपचार | ५,२०,००० | २०.४७ | ५,५०,००० | १२.३५ |
| ७ | यातायात | ३,५०,००० | १३.७७ | ५,५०,००० | १२.३५ |
| जम्मा | | २५,४०,००० | १००.०० | ४४,५०,००० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.१७ मा वैदेशिक रोजगार अघि र पछिको खर्चको तुलना गरिएको छ । वैदेशिक रोजगारमा जानु भन्दा अघि गर्ने खर्च प्रतिशत रोजगारमा गएपछिको खर्च भन्दा नीकै कम देखिन्छ । अध्ययन क्षेत्रमा हेर्दा खर्चको स्रोतहरु प्राय एउटै देखिन्छ । मुख्य खर्चको स्रोतहरु शिक्षा, खाद्यान्न, लत्ताकपडा, चाडपर्व, मलबीउ, यातायात जस्ता क्षेत्रमा खर्च गरेको पाइयो । वैदेशिक रोजगारमा संलग्न भए पश्चयात उक्त स्रोतहरुमा खर्च बढेको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने आम्दानीमा भएको वृद्धि संगै खर्चमा पनि क्रमश वृद्धि हुदै गएको देखिन्छ ।

## ४.३ वैदेशीक रोजगारीमा गएपछिको वार्षिक वचत तथा ऋण (Annnual Saving and Loan After Foreign Employment)

यस अध्ययनमा वैदेशीक रोजगारीमा गएपछिको उनीहरुको बचत तथा ऋणको अवस्था देखाइएको छ । उक्त रोजगारीमा गएपछि उनीहरुको आर्थीक अवस्थामा सुधार आएको देखिएको छ । त्यस्तै ऋण तिरेर बचत गर्न सक्ने पनि भएको देखिन्छ । त्यस्तै वचतको दर पनि बढेको देखिन्छ । यसलाई तालिकामा यसरी देखाइएको छ ।

**तालिका ४.१८**

**वैदेशीक रोजगारीमा गएपछिको वार्षिक वचत तथा ऋण, २०७४**

| क्र.सं. | वार्षिक बचत | घरधुरी संख्या | ऋण | बचत प्रतिशत |
|---|---|---|---|---|
| १ | रु १,००,००० देखि रु १,५०,००० सम्म | ५० | - | ४१.६६ |
| २ | रु १,५०,००० देखि रु २,५०,००० सम्म | ४० | - | ३३.३३ |
| ३ | रु २,५०,००० देखि रु ३,००,००० सम्म | ३० | - | २५ |
| जम्मा | | १२० | - | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.१८ मा वैदेशीक रोजगारीमा गएपछिको वार्षिक बचत तथा ऋणलाई देखाइएको छ । तालिका अनुसार ऋण कसैले पनि लिएको देखिँदैन भने बचत रु १,००,००० देखि रु १,५०,००० सम्म ५० घरपरिवार (४१.६६ प्रतिशत), रु १,५०,००० देखि रु २,५०,००० सम्म ४० घरपरिवार (३३.३३ प्रतिशत) र रु २,५०,००० देखि रु ३,००,००० सम्म ३० घरपरिवार (२५ प्रतिशत) ले वार्षिक बचत गर्ने गरेको देखिन्छ ।

### ४.३.१ वैदेशीक रोजगारीमा सहभागीको शैक्षिक अवस्था (Educational Status of Participation in Foreign Employment)

आजको युग विज्ञान र प्रविधिको युग भएकाले शिक्षा बिनाको संसारको परिकल्पना गर्न पनि सकिँदैन । कुनै पनि कामहरु शिक्षाको अपर्याप्ततामा कहिल्यै पूर्ण रुपमा सम्पन्न

गर्न सकिँदैन । अझ वैदेशीक रोजगारीमा जानको लागी शिक्षा अति नै आवश्यकताको रुपमा लिन सकिन्छ । सहज असहज काम गर्ने तौरतरिका फरकपन तथा आम्दानीको एक हिस्सा शैक्षिक स्थिति पनि हो । यहाँ वैदेशीक रोजगारीमा जाने कामदारको शैक्षिक अवस्था निम्नानुसार रहेको छ ।

**तालिका ४.१९**

**वैदेशीक रोजगारीमा सहभागीको शैक्षिक स्थिति, २०७४**

| क्र.सं. | शैक्षिक स्थिति | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | - | - | - | - |
| २ | प्रा.वि. | - | - | - | - |
| ३ | नि.मा.वि. | १० | ३० | ४० | ३३.३३ |
| ४ | मा.वि. | २० | २० | ४० | ३३.३३ |
| ५ | उच्च शिक्षा | २० | २० | ४० | ३३.३३ |
| जम्मा | | ५० | ७० | १२० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.१९ मा हेर्दा वैदेशीक रोजगारमा जानेहरुमा निरक्षर कोहि पनि देखिँदैन । त्यस्तै प्रा.वि. अध्ययन गर्ने पनि कोहि पनि भेटिएन । नि.मा.वि., मा.वि. र उच्च शिक्षा अध्ययन गर्ने महिला तथा पुरुष दुवैको सहभागिता अनुसार तिन वटै तहमा ४० (३३.३३ प्रतिशत) मानिसहरुले अध्ययन गरेको पाइयो ।

### ४.३.२ आर्थीक अवस्थाले शैक्षिक क्षेत्रमा पारेको प्रभाव (Economic Impact in Educational Sector)

वैदेशीक रोजगारमा जानुभन्दा अगाडि यस सर्वेक्षणमा सहभागी भएका युवाहरुको आम्दानीको स्रोत अधिकांश कृषि रहेको देखिन्छ । अन्य कोहिको थप आम्दानीको स्रोत कसैको पशुपालन मजदुर कसैको साधारण व्यवसाय (खुद्रा व्यापार) केहि मात्रामा सरकारी तथा गैर सरकारी क्षेत्रमा जागीरे रहेको देखिन्छ भने कोहि अध्ययन गरिरहेको देखिन्छ । उल्लेखित आम्दानीको स्रोतबाट उनीहरुको वार्षिक पारिवारिक आम्दानी रु ५०,००० देखि रु १,५०,००० सम्म रहेको देखिन्छ ।

यसरी उक्त आम्दानीमा विविधता आउनुको कारण कोहिको परिवारमा अध्ययन गर्न जागीर नभएको हुँदा तथा कोहि व्यवसाय तथा जागीरमा समेत रहेको हुँदा आम्दानीमा विविधता भएको देखिन्छ । यसरी आम्दानीमा भएको विविधता तथा बृद्धिका कारणले पारिवारिक आर्थीक क्रियाकलापमा पनि बृद्धि भएको छ । यो पनि एक सकारात्मक पक्षको रुपमा रहेको छ । अहिलेको बदलिँदो परिवेश तथा विश्वव्यापीकरणको अवस्थामा शिक्षामा आधुनिकिकरण हुँदै गएकाले शिक्षा पनि महँगो भएको छ ।

सरकारी विद्यालयमा पढाउँदा अंग्रेजी नजान्ने भन्ने मानसिकताले महँगो पैसा तिरेर भए पनि निजि विद्यालयहरुमा आफ्ना बालबालिकाहरुलाई पढाउने गरेको पाइन्छ । साथै विद्यालयमा पनि समय समयमा थप सुधार गर्नका लागी परामर्श गर्ने गरेको पाइन्छ । त्यसैले गर्दा वैदेशीक रोजगारीमा रहँदा शैक्षिक लगानीमा बृद्धि गरेको हुँदा अब के वैदेशीक रोजगारीबाट फर्केपछि पनि उक्त लगानी यथावत छ? अथवा लगानी घटाइएको छ? सर्वेक्षण गर्दा उनीहरुको भनाइलाई जस्ताको तस्तै तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.२०**

**वैदेशीक रोजगारीबाट फर्केपछि शैक्षिक लगानीमा भएको परिवर्तन, २०७४**

| क.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षामा लगानीर्ी बढाएको छ । | ७० | ५८.३३ |
| २ | कुनै परिवर्तन गरिएको छैन । | ५० | ४१.६६ |
| ३ | शिक्षामा लगानी घटाएको छ । | - | - |
| जम्मा | | १२० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.२० मा वैदेशीक रोजगारीबाट फर्केपछि पनि उनीहरुले पहिले देखि लगानी गरिरहेको शैक्षिक लगानीमा के कस्तो परिवर्तन भएको छ । उक्त कुरालाई देखाउन खोजिएको छ । तालिका अनुसार (शिक्षामा लगानी बढाउने ७० (५८.३३ प्रतिशत) देखिएको छ भने कुनै पनि परिवर्तन गरिएको छैन अर्थात पहिले गरेको भन्दा थपघट केहिपनि

गरिएको छैन भन्नेमा ५०(४१.६६ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरि शिक्षामा लगानी घटाउने घरपरिवार भने भेटिएन । यसरी माथीको तालिकाको विश्लेषण गर्दा वैदेशीक रोजगार र शिक्षा बीच सकारात्मक सम्बन्ध रहेको देखिन्छ भने कसैले यथावत राखेको देखिन्छ । यो किन भयो भनेर सोध्दा वैदेशीक रोजगारीबाट राम्रो आम्दानी गर्ने र राम्रो बचत गर्न सक्नाले पुन : फर्केपछि पनि कुनै ठाउँमा उक्त वचत रकम लगानी गरेर त्यसबाट आम्दानी पनि बढाएको र शिक्षाको स्तर उन्नती गर्न पनि शैक्षिक लगानी बढाएको देखिन्छ । त्यसैले यी दुई बीच सकारात्मक सम्बन्ध रहेको देखिन्छ ।

### ४.३.३ आर्थीक तथा शैक्षिक अवस्थाको तुलना (Comparison of Economic and Educational Status)

प्रस्तुत अध्ययन क्षेत्रको वैदेशीक रोजगारमा जानुभन्दा अगाडि तथा पछाडिको आर्थीक तथा शैक्षिक अवस्था हेर्दा अधिकांश बालबालिकाहरु उक्त रोजगारीमा सहभागी हुनु पुर्व सरकारी विद्यालयमा अध्ययन गराएको देखिन्छ । तर वैदेशीक रोजगारीमा सहभागी भएपछि उनीहरुको आर्थीक अवस्थमा पनि सुधार आएको देखिन्छ । साथै उनीहरुको बालबालिकाहरु निजी विद्यालयमा अध्ययन गर्नेको संख्या पनि उल्लेख मात्रामा बृद्धि भएको देखिन्छ । कुल १२० घरपरिवारले न्युनतम रु ५०,००० देखि रु १,००,००० सम्म आम्दानी गरिरहँदा ३९ (३६ प्रतिशत) ले सरकारी विद्यालयमा अध्ययन गरिरहेका छन् भने वैदेशीक रोजगारीमा सहभागी भएपछि भने सरकारी विद्यालयमा अध्ययन गर्ने केटाकेटीको संख्यामा घटि ३७ (३४.६७ प्रतिशत) ले मात्र सरकारी विद्यालयमा अध्ययन गरेको पाइयो । यसरी हेर्दा आर्थीक पक्ष नै यस्तो आधार हो जसको कारणले स्तरीय तथा गुणस्तरीय शिक्षा हासिल गर्न सकिन्छ । यसलाई तलको तालिकाबाट पनि स्पष्ट पार्न सकिन्छ ।

## तालिका ४.२१

### आर्थीक तथा शैक्षिक अवस्थाको तुलना, २०७४

| आर्थीक | | शैक्षिक | | | |
|---|---|---|---|---|---|
| अघि | पछि | अघि | | पछि | |
| बार्षिक आम्दानी | बार्षिक आम्दानी | बालबालिकाको संख्या | | बालबालिकाको संख्या | |
| | | सरकारी | निजी | सरकारी | निजी |
| रु ५०,००० सम्म | रु ४,००,००० सम्म | १५ | ४ | ४ | १० |
| रु ५०,००० देखि रु १,००,००० सम्म | रु ४,००,००० देखि रु ७,००,००० सम्म | १४ | - | ९ | ४ |
| रु १,००,००० देखि रु १,५०,००० सम्म | रु ७,००,००० देखि रु १०,००,००० सम्म | १० | - | ८ | २ |
| जम्मा | | ३९ | ४ | २१ | १६ |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

### $=#=$ विप्रेषणको क्षेत्रगत लगानी र त्यसबाट प्राप्त प्रतिफलको विश्लेषण (Sectorwise Investment in Remittance Achive in Returns Analysis)

वैदेशीक रोजगारीमा जानेहरुको संख्या आ.व. २०५०/५१ मा जम्मा ३६०५ थियो जुन संख्या २० वर्षपछि आ.व.२०६९/७० मा ५०,००० पुगेको कुरा तथ्याङ्कहरुले देखाउँछ र वैदेशीक रोजगारीमा जानेहरुको संख्या बृद्धिसँगै रेमिटान्सको रुपमा रु ३३०.९ अर्ब स्वदेशमा रेमिटान्स भित्रिएको थियो । उक्त रकम कुल ग्राहस्थ उत्पादनको रुपमा २१ प्रतिशत रहेको छ । त्यसैगरी आर्थीक वर्ष आर्थीक वर्ष २०७०/७१ मा कुल ग्राहस्थ उत्पादनमा रेमिटान्सको योगदान करिब २३ प्रतिशत रहेकोमा आ.व. २०७४/७२ मा २७.२ प्रतिशतले बृद्धि भएको देखिन्छ । नेपाल विश्वमा सबैभन्दा बढि रेमिटान्स भि□याउने पाँच राष्ट्रहरु पर्दछन् । नेपाल जीवनस्तर मापन सर्वेक्षण तेस्रो अनुसारको आम्दानीको ७९ प्रतिशत रहेको दैनिक उपयोगमा खर्च हुने गरेको छ । करिब ७ प्रतिशत रेमिटान्स खर्च हुने गरेको छ । (उपाध्याय, २०७४)

### ४.३.५ विप्रेषणको क्षेत्रगत लगानी (Sectorwise Investment of Remittance)

रेमिटान्सलाई कृषि, व्यापार, उद्योग र बैंकमा लगानी गरिएको छ जस लगानीबाट प्राप्त प्रतिफल विभिन्न क्षेत्रमा विभाजन गरिएको छ ।

**तालिका ४.२२**

**कृषि, व्यापार, उद्योग र बैंकमा गरिएको लगानी**

| क.सं. | क्षेत्रगत लगानी | लगानी रु |
|---|---|---|
| १ | कृषि | १,००,००० |
| २ | व्यापार | १,००,००० |
| ३ | उद्योग | १,००,००० |
| ४ | बैंक | १,००,००० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिकाा ४.२२ लाई हेर्दा रेमिटान्सलाई ४ वटा क्षेत्रमा लगानी गरिएको छ । उक्त ४ वटै क्षेत्रमा समान रुपमा लगानी गर्दा के कति प्रतिफल प्राप्त हुन्छ भन्ने बारेमा अन्य तालिकाबाट प्रस्ट पार्न सकिन्छ ।

#### १) कृषि क्षेत्रमा गरिएको लगानी (Investment in Agriculture)

रेमिटान्सलाई कृषिका ३ वटा भागमा लगानी गर्दा के कति प्रतिफल प्राप्त हुन्छ भन्ने विषयमा थाहा पाउन तलको तालिकामा देखाइएको छ ।

## तालिका ४.२३

## कृषि क्षेत्रमा गरिएको लगानी, २०७४

| क्र.सं. | लगानी क्षेत्र | लगानी (रु) | लगानी प्रतिशत | प्राप्त आम्दानी (रु) |
|---|---|---|---|---|
| १ | पशुपालन | १५,००,००० | १६.६६ | १५,५०,००० |
| २ | मत्स्यपालन | २५,००,००० | २७.७७ | २५,५०,००० |
| ३ | तरकारी खेती | ५०,००,००० | ५५.५५ | ५०,५०,००० |
| जम्मा | | ९०,००,००० | १०० | ९१,५०,००० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.२३ लाई हेर्दा सबैभन्दा कम आम्दानी पशुपालनमा रु १५,००,००० लगानी गर्दा रु १५,५०,००० आम्दानी भएको छ भने सबैभन्दा बढि लगानी तरकारी खेतीमा गरिएको छ जम्मा रु ५०,५०,००० सबैभन्दा बढि आम्दानी प्राप्त भएको छ ।

### २) व्यापार क्षेत्रमा गरिएको लगानी

व्यापार क्षेत्रमा रेमिटान्स लगाउँदा व्यापारका विभिन्न भागमा लगानी गरि हेर्न तालिकाको प्रयोग गरिएको छ ।

## तालिका ४.२४

## व्यापार क्षेत्रमा गरिएको लगानी, २०७४

| क्र.सं. | लगानी क्षेत्र | लगानी | लगानी प्रतिशत | प्राप्त आम्दानी |
|---|---|---|---|---|
| १ | कपडा पसल | १,७५,००० | ४.६७ | १,२०,००,००० |
| २ | जडिबुटि | १५,५०,००० | ४१.३८ | १,०२,९१,२८१ |
| ३ | होटेल | २०,२०,००० | ५३.९३ | १,५०,००,००० |
| जम्मा | | ३७,४५,००० | १०० | ३,७२,९१,२८१ |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.२४ लाई हेर्दा व्यापारमा लगानी गरिएका तीन ओटा क्षेत्र मध्ये सबैभन्दा बढि आम्दानी प्राप्त गर्ने होटेल रहेको देखिन्छ जसमा एक बर्षमा रु २०,२०,००० लगानी गर्दा एक बर्षमा १,५०,००,००० बराबरको आम्दानी भएको देखिन्छ ।

### ३) उद्योगको क्षेत्रमा गरिएको लगानी (Investment in Industry)

**तालिका ४.२५**

**उद्योगको क्षेत्रमा गरिएको लगानी, २०७४**

| क्र.सं. | लगानी क्षेत्र | लगानी (रु) | लगानी प्रतिशत | प्राप्त आम्दानी (रु) |
|---|---|---|---|---|
| १ | ग्रील उद्योग | १४०,००० | ३२.५५ | १,३५,००० |
| २ | फर्निचर उद्योग | १९०,००० | ४४.१८ | १,३०,००० |
| ३ | पानी मिल | १००,००० | २३.२५ | १,००,००० |
| जम्मा | | ९०,००,००० | १०० | ३,६५,००० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.२५ लाई हेर्दा उद्योगको विभिन्न क्षेत्रमा गरिएको लगानीमा सबैभन्दा बढि आम्दानी ग्रील उद्योगबाट रु १,३५,००० भएको देखिन्छ ।

### ४) बैंङ्किङ क्षेत्रमा गरिएको लगानी (Investment in Banking Sector)

रेमिटान्सलाई विभिन्न बैङ्कहरुमा लगाउँदा के कस्तो प्रतिफल प्राप्त हुन्छ भन्ने बारेमा देखाउन तलको तालिकाको प्रयोग गरिएको छ ।

**तलिका ४.२६**

**वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीलाई विभिन्न बैंङमा लागानी गर्दा, २०७४**

| क्र.सं. | बैंकिङ क्षेत्रको नाम | लगानी रु | व्याजदर प्रतिशत | प्रतिफल |
|---|---|---|---|---|
| १ | नेपाल बैंक लि. | ३,०४,९१,२८१ | ८ | २४,३९,३०,२४८ |
| २ | हाम्रो बिकास बैंक | ३,०४,९१,२८१ | ९ | २७,४४,२१५.२९ |
| ३ | प्राइम बैंक | ३,०४,९१,२८१ | ६ | १८,२९,४७६.८६ |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.२६ लाई हेर्दा उक्त रेमिटान्सलाई बैंकिङ क्षेत्रमा लगाउँदा विभिन्न बैंकको व्याजदर पनि फरक फरक हुने हुँदा बैंकबाट प्राप्त हुने आम्दानी पनि फरक फरक रहेको छ । माथिका ३ वटा बैंकमा समान रकम १ वर्षको अवधिमा लगाउँदा सबैभन्दा बढि व्याजदर लिने बैंक हाम्रो विकास बैंक रहेको छ । जसको व्याजदर ९ प्रतिशत जुन बैंकमा पैसा आम्दानी रु २७,४४,२१,५२९ रहेको छ ।

**५) समग्र क्षेत्रमा गरिएको लगानी (Aggregate Investment in Sector)**

रेमिटान्सलाई ४ वटै क्षेत्रमा लगानी गर्दा कुन क्षेत्रबाट कति प्रतिशत नाफा प्राप्त हुन्छ भन्ने बारे देखाउन तलको तालिकाको प्रयोग गरिएको छ ।

## तालिका ४.२७

### लगानी क्षत्रको प्रतिफललाई हेर्दा, २०७४

| क.सं. | लगानी क्षेत्र | लगानी रु | प्रतिफल रु | प्रतिशत |
|---|---|---|---|---|
| १ | कृषि | ३,०४,९१,२८१ | ९०,०८,७१९ | ३१.९७ |
| २ | व्यापार | ३,०४,९१,२८१ | ७७,०८,७१९ | २७.३६ |
| ३ | उद्योग | ३,०४,९१,२८१ | ८७,०८,७१९ | ३०.९१ |
| ४ | बैंकिङ | ३,०४,९१,२८१ | २७,४४,२१५ | ९.७४ |
| जम्मा | | १२,१९,६५,१२४ | २,८१,७०,३७२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.२७ लाई हेर्दा सबैभन्दा बढि प्रतिफल कृषि क्षेत्रबाट नै प्राप्त भएको हुँदा उक्त क्षेत्रमा लगानी गर्दा बढि सान्दर्भिक देखिन्छ । रु ३,०४,९१,२८१ कृषि क्षेत्रमा लगाउँदा उक्त क्षेत्रमा एक वर्षमा रु ९०,०८,७१९ (३१.९७ प्रतिशत) प्रतिफल प्राप्त भएको देखिन्छ । सोहि बराबरको रकम व्यापार क्षेत्रमा लगाउँदा एक वर्षमा रु ७७,०८,७१९ (२७.३६ प्रतिशत) प्रतिफल प्राप्त भएको देखिन्छ । त्यसैगरि त्यति नै रकम उद्योग क्षेत्रमा लगाउँदा रु ८७,०८,७१९ (३०.९१ प्रतिशत) बराबरको प्रतिफल प्राप्त भएको देखिन्छ । फेरि त्यति नै रकम बैकिंङ क्षेत्रको खातामा जम्मा गर्दा सो बैंकबाट रु २७,४४,२१५ (९.७४ प्रतिशत) प्रतिफल प्राप्त भएको देखिन्छ । यस तालिकाबाट के स्पष्ट हुन्छ भने बैंक जम्मा गर्ने रकम अन्य क्षेत्रमा जस्तै कृषि, व्यापार, उद्योगमा लगानी गर्दा बढि प्रतिफल आउने देखिन्छ । जसको परिणाम स्वरुप सबैभन्दा बढि नाफा प्राप्त गर्न कृषि क्षेत्रमा नै लगानी गर्नु उपर्युक्त हुने देखिन्छ ।

### ४.३.६ बालिकालिको शैक्षिक अवस्था **(Educational Status of Children)**

यस अध्ययनमा वैदेशीक रोजगारीमा सहभागी हुनेहरुको बालबालिकाको शैक्षिक अवस्थालाई देखाउन खोजिएको छ । वैदेशीक रोजगारीमा जानुभन्दा अगाडि र वैदेशीक रोजगारीमा गएपछि उनीहरुको बालबालिकाहरुमा के कस्तो परिवर्तन देखा परेको छ भन्ने अवस्थालाई तालिकामा निम्नानुसार देखाइएको छ ।

### तालिका ४.२८

### वैदेशीक रोजगारीमा जानुभन्दा अगाडि पछाडिको बालबालिकाको शैक्षिक अवस्था, २०७४

| तह | पहिले | | | | अहिले | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सरकारी | प्रतिशत | निजि | प्रतिशत | सरकारी | प्रतिशत | निजि | प्रतिशत |
| प्रा.वि. | १५ | ३१.९१ | ४ | १०० | ४ | १२.५ | १० | ५२.६३ |
| नि.मा.वि. | १४ | २९.७८ | - | - | ९ | २८.१२ | ४ | २१.०५ |
| मा.वि. | १० | २१.२७ | - | - | ८ | २५ | २ | १०.५२ |
| +२ | ५ | १०.६३ | - | - | ६ | १५.६२ | ३ | १५.७८ |
| स्नातक | ३ | ६.३८ | - | - | ५ | १०.४१ | - | - |
| जम्मा | ४७ | १०० | ४ | १०० | ३२ | १०० | १९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.२८ मा वैदेशीक रोजगारीमा जानुभन्दा अगाडिको र वैदेशीक रोजगारीमा गएपछिको उनीहरुको बालबालिकाको शैक्षिक अवस्थालाई देखाइएको छ । उक्त रोजगारीमा जानुभन्दा अगाडि उनीहरुको बालबालिका कुल ५१ जनामा ४७ जना सरकारी र ४ निजी गरि ५१ विद्यार्थी विद्यालयमा अध्ययन गर्ने गरेको पाइयो भने वैदेशीक रोजगारीमा गएपछि भने उनीहरुको १९ बालबालिकाले तुलनात्मक रुपमा निजी विद्यालयमा पढ्ने अवसर बढि प्राप्त भएको देखिन्छ ।

यसरी माथीको तालिकालाई हेर्दा वैदेशीक रोजगारीमा नजादाको अवस्थामा आफ्ना बालबालिकालाई सरकारी विद्यालयमा पढाउने गरेको देखिन्छ । निजी विद्यालयमा भने अति कम मात्रामा पढाउने गरेको देखिन्छ तर वैदेशीक रोजगारीमा गएपछि भने निजी विद्यालयमा पढाउने लहर नै आएको देखिन्छ ।

### ४.३.७ वैदेशीक रोजगारीको सकारात्मक तथा नकारात्मक पक्षहरु (Positive and Negative Aspects of Foreign Employment)

कृषिप्रदान देश भएको हुनाले नेपालमा उद्योगहरु फस्टाउने मौका पाएको छैन । यसको सिधा प्रभाव युवावर्गमा परेको छ । वेरोजगारी समस्या आजको मुख्य समस्या हो । यहि समस्याबाट मुक्ति पाउन वैदेशीक रोजगारीको अवधारणा खुलेको हो । हरेक कुराको दुई

वटा सकारात्मक र नकारात्मक पक्षहरु हुन्छन् जुन पक्षलाई छलफलको आधारमा प्राप्त निष्कर्ष  अनुसार प्रष्ट्याउने कोशीस गरिएको छ ।

### ४.३.८ सकारात्मक प्रभाव (Positive Impact)

आजका युवाहरुको वैदेशीक रोजगार प्रतिको आकर्षण देख्दा नै यस भित्र थुप्रै सकारात्मक पक्षहरु रहेको छ भनी बुझ्न सकिन्छ । वैदेशीक रोजगारबाट सहभागीहरुलाई त फाइदा छ नै साथै राष्ट्रलाई पनि फाइदा पुगेको छ । जसको कारणले पनि राज्यले वेरोजगार युवाहरुलाई वैदेशीक राजगारको लागी नयाँ नयाँ राष्ट्रहरुसँग श्रम स्वीकृति लिइरहेका छ । यहि कारणले गर्दा नै नेपालको अर्थतन्त्रमा कुल गार्हस्थ उत्पादनको २० प्रतिशत विप्रेशणले धानीरहेको छ । त्यसका साथसाथै गरीबी न्युनीकरण प्रविधी हस्तान्तरण, सीपको आदान प्रधान संस्कृतिको आदान प्रधान गरी विभिन्न देशहरु बची सुमधुर सम्बन्ध स्थापना गर्न सजीलो भएको छ (वैदेशीक रोजगार विभाग २०७४) ।

आज विदेशी मुद्रा आर्जनको प्रमुख स्रोतको रुपमा वैदेशीक रोजगार अगाडि रहेको छ । विदेशी मुद्रामा राम्रो पकड हुनु भनेको विदेशी प्रतिस्पर्धा गर्न सक्नु हो । वैदेशीक रोजगारीको माध्यमबाट विभिन्न सिपहरु पनि भि□याउन सकिन्छ तथा आर्थीक क्रियाकलापहरु गर्न सकिन्छ ।

गरिबी निवारण गर्नमा पनि वैदेशीक रोजगारीको ठुलो भुमिका रहेको हुन्छ । गरिब तथा कमजोर आर्थीक स्तर भएकाहरुलाई विशेष गरेर रोजगारको आवश्यकता रहेको हुन्छ । जसको कारणले कमजोर तथा गरिब देशको मानिस नै वैदेशीक रोजगारमा सहभागी भएपछि केहि हदसम्म गरिबिको प्रतिशत पनि घटेको देखिन्छ । त्यस्तै गरेर दुई देश बीचको संस्कृतिको आदान प्रदानको एक अर्काको राम्रो संस्कार सिक्ने र सोहि अनुकुलको आफुलाई बनाउन तथा समाजलाई सोहि अनुरुप परिवर्तन गर्न पनि वैदेशीक रोजगारले सहयोग गर्दछ ।

### ४.३.९ नकारात्मक प्रभाव  (Negative Impact)

विश्वव्यापीकरणको माहोलले गर्दा खुल्ला अर्थतन्त्रको विकास भइरहेको छ । देशमा बढ्दै गइरहेको खुल्ला अर्थव्यवस्थाले देशमा आत्मनिर्भरता भन्दा पनि परनिर्भरतामा समाज

बढेको छ । मौलिक पहिचानको वस्तुहरु प्रायः हराएर गएका छन् । योग्य, दक्ष जनशक्तिहरु पलायन भएर गएको छ । जसले गर्दा नेपालमा विभिन्न प्राणघातक कहिल्यै निको नहुने रोगहरुले जरो गाडेको छ । आत्महत्या, डिभोर्स, पत्नी पिडित तथा पति पिडितको कारण पनि वैदेशीक रोजगार देखिएको छ । वैदेशीक रोजगार बढेपछि समाजमा पति पत्नी र प्रेमी प्रेमीकाबीच असमझदारीले उब्जीएको घटना ठुलो समस्या बन्दै गइरहेको छ । पति पत्नी वा प्रेमी बीचको सम्बन्धमा शंका उत्पन्न हुने र त्यसपछि आत्महत्या गर्ने समस्या देखिएको छ । जसको कारणले गर्दा कतिपयको घरबार लथालिङ्ग भएको पनि देखिन्छ । जसलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

**तालिका ४.२९**

**वैदेशिक रोजगारीमा संलग्न भए पश्चात परेको नकारात्मक प्रभाव, २०७४**

| नकरात्मक प्रभावहरु | नकरात्मक प्रभाव परेको परिवार संख्या | प्रतिशत |
|---|---|---|
| आत्महत्या | १० | ८.३३ |
| डिर्भोस | १५ | १२.५० |
| पति पिडित | २५ | २०.८३ |
| पत्नी पिडित | ३० | २५.०० |
| प्रेमी प्रेमीका पिडित | २० | १६.६६ |
| केहि पनि प्रभाव नर्पने | २० | १६.६६ |
| जम्म | १२० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिका ४.२९ मा वैदेशिक रोजगारीमा संलग्न भए पश्चात परेको नकारात्मक प्रभावलाई देखाईएको छ जँहा वैदेशिक रोजगारीमा संलग्न भए पश्चात ८.३३ प्रतिशतले आत्म हत्या १२.५० प्रतिशतले डिर्भोस २०.८३ प्रतिशत पति पिडित २५.०० प्रतिशत पत्नी पिडित

१६.६६ प्रतिशत प्रेमी प्रेमीका पिडित र कुनै पनि प्रभाव नपर्ने १६.६६ प्रतिशत मानीसहरु संलग्न भएको देखिन्छ ।

## ४.४ वैदेशीक रोजगारीमा नेपाली कामदारमहरुको समस्याहरु (Problems of Nepalese Workers in Foreign Employment)

वर्तमान राजनितिक अस्थिरता स्वदेशमा रोजगारीका न्युन अवसर लगाएतका विविध कारणले वैदेशीक रोजगारी अन्तिम विकल्पको रुपमा रहेको छ । वैदेशीक रोजगारीमा जाने युवाहरुको तथ्याङ्कबाट पनि वैदेशीक रोजगारप्रति युवाहरुको आकर्षण थाहा पाउन सकिन्छ । चारघरे गा.वि.स.मा यस शोध अध्ययनमा गरिएको स्थलगत सर्वेक्षण अनुसार अध्ययन क्षेत्रका सहभागीहरुमा निम्नानुसारका समस्या रहेका छन् ।

१. नेपाली कामदारले म्यानपावरले भने अनुसारको काम नपाउनु

२. नेपालबाट जाँदा भने अनुसारको मासीक तलब र ओभरटाइमको सुविधा नपाउनु ।

३. भाषागत समस्या हुनु ।

४. विदेशमा गएर जटिल प्रवृत्तिको काम गर्न बाध्य हुनु ।

५. साउदी, कतार जस्ता खाडि मुलुकमा नेपाली महिला कामदार घरेलु कामको बोझका साथै शारिरीक यौनजन्य हिंसामा पर्नु ।

## ४.५ सारांश (Summary)

यो अध्ययनमा उद्देश्य मुलक नमुना छनोटका आधारमा नुवाकोट जिल्लाको चारघरे गा.वि.स.को प्रत्येक वडामा वैदेशीक रोजगारीले आर्थीक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव शीर्षकमा सम्पन्न गरिएको छ । प्रस्तुत शोधपत्रमा ३ वटा उद्देश्यहरु मध्ये पहिलो वैदेशीक राजगारीमा जानुपुर्व र गएपछिको आर्थीक अवस्थाको अध्ययन गर्नु र दोस्रो विप्रेषण लगानीबाट प्राप्त आयको विश्लेषण गर्नु रहेको छ । तेस्रो वैदेशीक रोजगारीबाट प्राप्त आयले उनीहरुको बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु रहेको छ । प्राथमिक र द्धितीय तथ्यांकको आधारमा तयार पारिएको यस शोधपत्रमा प्राथमिक तथ्यांकमा २०७० वैशाख देखि २०७४ चैत्र मसान्तसम्म चार देशहरुमा (मलेशिया, साउदी, कतार र बहराईन)

गई फर्केका ६०० घरपरिवार मध्ये १२० घरपरिवारको ७५ जना पुरुष र ४५ जना महिला तथा वैदेशीक रोजगारीमा समावेश भएकाहरुसँगको प्रश्नावलीको माध्यमबाट अन्तर्वार्ता लिई तथ्यांक संकलन गरिएको छ भने द्धितीय तथ्यांकहरुमा वैदेशीक रोजगारसँग सम्बन्धित विभिन्न पुराना शोधपत्रहरु वैदेशीक रोजगार विभागबाट प्रकाशित प्रतिशत, चारघरे गा.वि.स.को प्रतिवेदन, श्रम मन्त्रालय, केन्द्रिय तथ्यांक विभागबाट प्राप्त तथ्यांकलाई लिइएको छ ।

अध्ययनको क्रममा प्राप्त सुचनाहरुलाई विश्लेषण गर्दा सबैभन्दा बढि २६ देखि ३५ वर्ष उमेर समुहका मानिसहरु वैदेशीक रोजगारीमा गएको देखिन्छ । वैदेशीक रोजगारका लागी न्युनतम रु २,००,००० देखि रु १०,००,००० रुपैंया सम्म खर्च गरेको अनुसन्धानबाट देखिन्छ । त्यसैगरी यस अनुसन्धानमा महिला तथा पुरुष दुवैलाई समावेश गरिएको छ । सहभागीमा समावेश जातजाती मध्ये बाहुन जातीको बाहुल्यता रहेता पनि वैदेशीक रोजगारीमा दलित जाती नै बढि मात्रामा संलग्न छन् ।

वैदेशीक रोजगारीमा सहभागी कामदारहरुको परिवारको आम्दानीका स्रोतमा सबैभन्दा बढि कृषि नै पाइयो भने लगानी पनि अन्य व्यापार व्यवसायमा भन्दा कृषिमा नै ( ३१.९७ प्रतिशत) लगानी गरिएको पाइयो । शैक्षिक अवस्थाको अध्ययन गर्दा आधाभन्दा बढि मानिसहरुले एस्.एल्.सी. भन्दा माथी अध्ययन गरेको देखियो । वैदेशीक रोजगारीका लागी मुख्य गरि विदेशीने कारणहरुमा स्वदेशमा उचित रोजगारीको अभाव, राजनितिक अस्थिरता, कमजोर आर्थीक अवस्था तथा आफन्तहरुको वैदेशीक रोजगारीबाट प्राप्त गरेका आकर्षक आम्दानीबाट परेको प्रलोभन नै मुख्य कारण भएको देखिन्छ ।

अध्ययन क्षेत्रको शैक्षिक अवस्थामा कुल १२० घर परिवारको कुल ६०० विदेश जानुभन्दा अगाडि सरकारी विद्यालयमा पढ्ने बालबालिकाको ४७ जना र निजि विद्यालयमा पढ्ने ४ जना रहेको छ भने वैदेशीक रोजगारी प्रश्चात निजि विद्यालयमा पढ्ने विद्यार्थीको संख्या ४ बाट बढेर १९ पुगेको छ । वैदेशीक रोजगारीले पारेको सकारात्मक प्रभाव शिक्षा क्षेत्रमा रहेको छ ।

समग्रमा भन्नुपर्दा वैदेशीक रोजगारीले कतिपय व्यक्तिहरुको पारिवारीक जीवनमा महत्वपुर्ण उपलब्धी हासील गर्दै सामाजिक, आर्थीक, शैक्षिक तथा प्राविधिक क्षेत्रमा सकारात्मक प्रभाव पर्न गएको खुल्न आएको छ ।

# अध्याय पाँच (Chapter Five)

## ५. निष्कर्ष र सुझावहरु (Conclusion and Recommendation)

प्रस्तुत शोधको अध्ययनमा वैदेशीक रोजगारी नेपाली समाजमा पारेको प्रभाव त्यसमा पनि विशेष गरि चारघरे गा.वि.स.को यथार्थतालाई अध्ययन गर्न कोशिस गरिएको छ । अध्ययनको उद्देश्यलाई प्राप्त गर्नको लागी विविध विषय वस्तुलाई सकेसम्म यथार्थ सँग लजिक तथ्य तथा सुचनालाई समावेश गरिएको छ । यस अध्यायमा अध्ययनको विश्लेषणका आधारमा पत्ता लगाइएको निष्कर्ष र सुझावहरु समावेश गरिएको छ । जुन निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ५.१ निष्कर्ष (Conclusion)

यस अध्ययनको प्रमुख उद्देश्य वैदेशीक रोजगारीका लागी मलेसीया, साउदी अरब, दुबई गएका काम गरेर फर्किएका नेपाली कामदारहरु विदेश जानुको कारण पत्ता लगाउने कार्यको प्रवृत्ति र विदेशमा सिकेको सीपको नेपालमा प्रयोग भए नभएको पहिचान गर्ने र वैदेशीक रोजगारीले आर्थीक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउने रहेको थियो । यी उद्देश्य प्राप्तीका लागी नुवाकोट जिल्लाको चारघरे गा.वि.स.मा गरिएको अध्ययनले निम्न निष्कर्ष निकालेको महशुस अध्ययनकर्ताले गरेको छ ।

- नेपालीकाम दारहरु शोदेशमा रोजगारी नपाएर, कृषिमा आधुनीकीकरण गर्न नसकेर ऋृण तिर्न नसकेर शिक्षित जनशक्ति र श्रम बजारको बेमेल, महङगीको तुलनामा कमतलब पाएर पैसा कमाउन वैदेशिक रोजगारमा गएको पइयो ।
- वैदेशिक रोजगारीमा जानुभन्दा अगाडी १२० घरपरिवारको वार्षिक आम्दानी रु २४,५०,४०० भएको देखिन्छ भने वैदेशिक रोजगारीमा संलग्न भए पछिको वार्षीक आम्दानी रु ४१,०७,४०० भएको देखिन्छ । यस अध्ययनबाट यो कुरा स्पष्ट हुन्छकी वैदेशिक रोजगारीमा संलग्न भए पश्चात वार्षिक आम्दानीमा पनि वृद्धि भएको पाइन्छ ।
- वैदेशिक रोगारीमा जानु पुर्व १२० घरपरिवारको कुल बालबालीका ५१ जना मध्ये ४७ जना सरकारी र ४ जना निजी विद्यालयमा अध्ययन गरीरहेको देखिन्छ भने

वैदेशिक रोजगारीमा संलग्न भए पश्चात ३२ जना सरकारी र १९ जना नीजी विद्यालयमा अध्ययन गरिरहेको देखिन्छ यसरी पहिलेको तुलनामा पछि नीजी विद्यालयमा अध्ययन गराउने संख्यामा वृद्धि भएको तथा बालबालीकाको भविष्यको लागी शैक्षिक लगानीमा वृद्धि भएको देखिन्छ ।

- वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीको आधारभुत खर्चका क्षेत्रहरु विशेष गरी शिक्षा, खाधान्न, लत्ताकपडा, चाडपर्व, मलबीउ, औषधी उपचार तथा यातायातमा रु २५,४०,००० खर्च हुने गर्दथ्यो भने वैदेशिक रोजगारीमा संलग्न भए पश्चात र ४४,५०,००० खर्च भएको देखिन्छ । यसैगरी वैदेशिक रोजगारीमा संलग्न हुनु भन्दा अगाडी २५ प्रतिशतले बचत गर्दथे ४१.६६ प्रतिशतले ऋण लिएका थिए भने ३३.३३ पतिशतले ऋण तथा बचत कुनै मा पनि संलग्न भएको थिएन ।
- वैदेशिक रोजगारी संलग्न भए पश्चात शतप्रतिशत घरपरिवारले बचत गर्ने बानीको विकास भएको पाइन्छ । यसरी हेर्दा उक्त रोजगारीबाट प्राप्त आम्दानीलाई कुनै नाफामुलक क्षेत्रमा लगानी गरेर  थप आम्दानी गर्न नसकेको पाइन्छ ।

## ५.२ सुझावहरु (Rocommendations)

नेपालमा विद्यमान समस्याहरु मध्ये वैदेशीक रोजगारलाई व्यवस्थित गर्न नसक्नु पनि एक समस्या हो । नेपालको वैदेशीक रोजगार व्यवसाय थुप्रै समस्याहरु बीच जोडिएको पाइन्छ । वैदेशीक रोजगारलाई सुव्यवस्थित बनाउन च्याऊ उम्रेजस्तै खोलिएका म्यानपावर कम्पनी र अवैधानिक रुपमा कामगर्ने दलाललाई नियन्त्रण गर्नु सरकारको लागी चुनौती बनेको छ । यस सम्बन्धमा विशेष कार्यक्रम तथा विधिवत नितिहरु नेपाल सरकारको कार्यान्वयनमा ल्याउन जरुरी छ । यस शोधको अध्ययनमा कामदार राजनितिक कार्यकर्ता शिक्षक बुद्धिजीवी लगायतका सल्लाह र सुझाव अनुसार वैदेशीक रोजगारलाई सुधार गर्नका लागी निम्न सुझाव प्रस्तुत गरिएको छ ।

### ५.२.१ नितिगत सुझावहरु (Policy Related Recommendations)

यस अध्ययनमा वैदेशिक रोजागारीले उनीहरुको बालबालीकाको आथीृक तथा शैक्षिक क्षेत्रमा नितीगतरुपमा निम्न कुराहरु गर्नु पर्ने दखियो ।

१. अध्ययन क्षेत्रका मानीसहरुले आफ्नो आर्थीक अवस्था मज्बुद बनाउनका लागी विभिन्न मेनपावर कम्पनीसंग स्पष्ट जानकारी लिएर काम, सीप सिकेर मात्र वैदेशिक रोजगारीमा संलग्न हुने व्यवस्था मीलाउनु पर्दछ ।

२. अध्ययन क्षेत्रमा संम्लग्न घर परिवारको बालबालीकाहरुलाई सरकारी वीद्यालयमा अध्ययन अध्यापन गराउनका लागी आकषक वातावरणको व्यवस्था गर्ने ।

३. विद्यालयमा विद्यार्थीहरुको शैक्षिक अवस्था राम्रो बनाउनका लागी विद्यालयको भौतिक अवस्था कम्जोर भएको, शिक्षक दरबन्धी कमी देखिएकाले यी समस्याहरुको समाधानका लागी सरकार विद्यालय प्रशासन र अभिभाबकहरुको संयुक्तको आवस्यकता देखिन्छ जसले शैक्षिक प्ररिणाममा सकरात्मक सन्देश दिन सक्दछ ।

### ५.२.२ प्रयोगात्मक क्षेत्रसंग सम्बन्धित सुझाबहरु (Pracitces Related Recommendtions)

यस अध्ययनमा वैदेशिक रोजारीमा संलग्न व्यक्तिहरुको आर्थीक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव सम्बन्धि प्रयोगात्मक सुझाबहरु निम्न अनुसार गर्नु पर्ने देखिन्छ :

१. वैदेशिक रोगारीमा संलग्न व्यक्तिको घरपरिवारले आर्थीक लाभ हुने क्षेत्रमा संलग्न भई स्वरोजगार सीपहरु सीक्नु पर्ने दखिन्छ ।

२. छनोटमा परेका घर परिवारको आर्थीक तथा शैक्षिक अवस्था मज्बुद बनाउन साक्षरता अभियान संचालन गर्नु पर्ने देखिन्छ ।

३. निरक्षरता हटाउनका लागी पौढ शिक्षाकार्यकम संचालन गर्नु पर्ने दखिन्छ ।

४. यस अध्ययनमा छनोटमा परेका १२० घरपरिवारलाई तपाईहरुको आर्थीक तथा शैक्षिक क्षेत्रमा के कस्तो समस्या छन् भनी सोद्धा धेरै घरपरिवारले आर्थीक अवस्था कम्जोर रहेकाले गुणस्तरीय शिक्ष लिनबाट बञ्चित भएकाले वैदेशिक रोजगारीमा संलग्न रहेको देखिन्छ । यस समस्या समाधानका लागी जी.वी.स बाट आर्थीक सहयोग हुनु आवस्यक देखिन्छ ।

### ५.२.३ आगामी अनुसन्धान संग सम्बन्धित सुझावहरु ( **Futher Research Related Recommendations)**

यस अध्ययन क्षेत्रमा वैदेशिक रोजगारले त्याहाका बालबालीकाको आर्थीक तथा शैक्षिक क्षेत्रमा नीकै महत्वपूर्ण भुमिका नीर्वाह गरेको छ त्यसैले आगामी अनुसन्धान कर्ताले अनुसन्धानका लागी निम्न कुरालाई आधारबनाउनु पर्दछ ।

१. वैदेशिक रोजगारीमा संलग्न व्यक्तिको आर्थीक अवस्थाको बारेमा अध्ययन गर्न सकिने ।

२. वैदेशिक रोजगारमा संलग्न व्यक्तिको घरपरिवारको आर्थीक तथा सामाजीक पक्षको अध्ययन गर्न सकिन्छ ।

३. वैदेशिक रोजगारीमा संलग्न र स्वदेशी रोगारीमा संलग्न व्यक्तिको विकास अवस्था बारे जानकारी लिन ।

## सन्दर्भ सामाग्री (References)


अधिकारी, राजु (२०६५), वैदेशीक रोजगारले उनीहरुको आर्थीक तथा पारिवारिक शैक्षिक क्षेत्रमा पारेको प्रभाव अप्रकाशित शोधभर्ना, त्रि.वि., किर्तिपुर ।

कार्की, नरमाया, (२०६८), नेपालका लागी वैदेशीक रोजगारको सकारात्मक र नकारात्मक पभाव कान्तिपुर राष्ट्रिय दैनिक काठमाडौं : किर्तिपुर प्रकाशन प्रा.लि. ।

के. सी (२०७०), वैदेशिक रोजगारी भन्नाले जीवन निर्वाह गर्न गरिने पेशा भन्ने बुझिन्छ ।

खत्रि, (२०६९), वैदेशीक रोजगारले शैक्षिक क्षेत्रमा पारेको प्रभाव अप्रकाशित शोधपत्र, त्रि.वि., किर्तिपुर ।

घिमिरे, प्रकाश (२०६१), वैदेशीक रोजगार र रेमिटान्स सिघ्र अध्ययनको आवश्यकता, मिरमिरे मासीक, काठमाडौं : नेपाल राष्ट्र बैंक ।

घिमिरे, प्रकाश (२०६८), नेपालको वैदेशीक रोजगारका केहि पक्षहरु, काठमाडौं नेपाल राष्ट्र बैंक ।

घिमिरे, (२०६९), अर्थतन्त्रको उम्कने माध्यमका रुपमा एउटा राम्रो माध्यम वैदेशीक रोजगार ।

टण्डन (२०७०) वैदेशिक रोजगार ररेमिटेन्स सिघ्र अध्ययनको आवस्यक्ता ।

नेपाल राष्ट्र बैंक, (२०६२), वैदेशीक रोजगार अर्थतन्त्र र नेपाल ।

नेपाल राष्ट्र बैंक अनुसन्धान विभागले गरेको अध्ययनको संगालो, काठमाडौं : नेपाल राष्ट्र बैंक ।

वैदेशीक रोजगार विभाग, (२०७०), बार्षिक प्रतिवेदन (आ.व. २०६९/७०), काठमाडौं श्रम तथा रोजगार मन्त्रालय, नेपाल सरक

रेग्मि (२०६५), वैदेशीक रोजगारले आर्थीक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव, काठमाडौं : अप्रकाशीत शोधपत्र । त्रि.वि. अथशास्त्र शिक्षा केन्द्रिय विभाग, किर्तिपुर ।

राई (२०६७), वैदेशिक रोजगारी प्रविधिकहरुसंग नजिकिने र अवसर पहिचान गर्ने थलो हो ।

शर्मा, २०६२, कृषि मुख्य व्यवसायको माध्यम भएकाले ।

शर्मा र सुतिहार (२०६३), वैदेशीक रोजगार एक उत्कृष्ट गन्तव्य तथा आयस्रोत भएको हुँदा अप्रकाशित शोधपत्र त्रि.वि. किर्तिपुर ।

भट्टराई, (२०६५), वैदेशीक रोजगारबाट प्राप्त विप्रेषणको अध्यागन अवलोकन टण्डन, प्रकाश (२०७०), वैदेशीक रोजगार र रेमिटान्स शिघ्र अध्ययनको आवश्यकता मिर्मिरे मासीक, काठमाडौं, नेपाल राष्ट्र बैंक ।

Giree, Gyanendra (2001), cause and consequences of migration of Nuwakot District: A case study of Chainpur village of Charghare VDC, An unpublished M.A. thesis submitted to central department of economic studies, T.U. Kirtipur.

Kansakar, UBS (1982), Migration remittance and rural development kathmandu: CEDA, T.U. Kirtipur.

Seddon, D. and Elvira, G(2004), "Nepal's remittance economy : Decade of change (1996/97 to 2003/04)". Kathmandu: The economy journal of Nepal, Central Department of Economic, T.U., Kirtipur.

## अनुसुची १ (Appendix-1)

**वैदेशीक रोजगारमा गएका व्यक्तिका अभिभावकका लागि तयार पारिएका प्रश्नावली**

यस प्रश्नावलीबाट प्राप्त जानकारीहरुलाई शिक्षाशास्त्र संकाय अर्थशास्त्र शिक्षा विभाग, स्नातककोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यक्ता परिपुर्तीको लागि पेश गरिर्ने शोधपत्रको प्रयोजनार्थ प्रयोग गरिनेछ ।

वैदेशिक रोजगारिमा गएका व्यक्तिको परिवारका लागि प्रश्नावली

नाम थरः…………………… उमेरः……………………

ठेगानाः……………………… लिङ्गः……………………

वडा नं.ः……………………… भाषाः……………………

पेशाः………………………… धर्मः………………………

शैक्षिक स्तरः………………………

वैदेशिक रोजगारीमा जाने व्यक्ति संगको नाताः………………

१. तपाईको परिवारका सदस्य विदेश जानुको प्रमुख कारण के हो ?

क) कम्जोर आर्थीक अवस्था ख) सामाजिक कारण

ग) अरुगएको देखेर घ) परिवारको स्थिति राम्रो बनाउन

२. तपाईको मान्छे विदेश गएपछिको वार्षिक आम्दानी कति हुन्छ ?

क) जानु अघि…………………… ख)गईसके पछि……………………

३. तपाईको वार्षिक आम्दानी कुन कुन क्षेत्रमा खर्च हुन्छ ?

| क्षेत्र | खर्च रकम |
|---|---|
| क) खाद्यान्न | रु…………………… |

ख) शिक्षा रु.......................

ग) स्वास्थ्य रु........................

घ) चाडपर्व रु.......................

ङ) अन्य रु........................

४) विदेशबाट पठाएको रकम सबै खर्च हुन्छ वा के गर्नु भएको छ ?

क) सबै खर्च हुन्छ ख) बचत पनि हुन्छ

५.वैदेशीक रोजगारले तपाईको आर्थीक क्षेत्रमा कस्तो प्रभाव पारेको छ?

..........................................................................................................

६. वैदेशीक रोजगारीका लागि विदशीनुलाई तपाई के भन्नुहुन्छ?

..........................................................................................................

७. वैदेशीक रोजगारीका के कस्ता फाइदाहरु तथा उपलब्धीहरु रहेका छन्?

..........................................................................................................

८. वैदेशीक रोजगारका फाइदाहरु के के छन्?

..........................................................................................................

९. वैदेशीक रोजगारलाई व्यवस्थित गर्न के के गर्नुपर्ला?

..........................................................................................................

१०. वैदेशीक रोजगारीलाई शैक्षिक क्षेत्रमा कसरी उपयोग गर्नु भएको छ?

..........................................................................................................

११. वैदेशीक रोजगारका बेफाइदाहरु के के हुन सक्दछन्?

.........................................................................................................................

१२. वैदेशीक रोजगारले के कस्ता नकारात्मक असरहरु देखा परेका छन्?

.........................................................................................................................

१३. वैदेशीक रोजगारलाई के कसरी व्यवस्थित गर्न सकिन्छ?

.........................................................................................................................

१४. वैदेशीक रोजगारबाट प्राप्त आम्दानीबाट तपाईको पारिवारिक स्थितीमा कस्तो प्रभाव पारेको छ?

.........................................................................................................................

१५. वैदेशीक रोजगारबाट प्राप्त आम्दानीबाट के कति जनालाई शिक्षादिक्षा उपलब्ध गराउनु भएको छ?

.........................................................................................................................

## अनुसुची २ (Appendix-2)

**वैदेशीक रोजगारबाट फर्किएका व्यक्तिहरुका लागि तयार पारिएका प्रश्नावली**

१. कुन देशमा कति वर्ष बस्नुभयो?

..............................................................................................................

२. तपाईको मासीक आम्दानी कति थियो?

..............................................................................................................

३. मासिक आम्दानीलाई शैक्षिक क्षेत्रमा कति प्रतिशत खर्च गर्नुभयो?

..............................................................................................................

४. वैदेशीक रोजगारका सकारात्मक पक्षहरु के के हुन्?

..............................................................................................................

५. वैदेशीक रोजगारका नकारात्मक पक्षहरु के के हुन्?

..............................................................................................................

६. वैदेशीक रोजगारबाट तपाईको आर्थिक क्षेत्रमा के कस्तो परिवर्तन पाउनु भयो?

..............................................................................................................

७. वैदेशीक रोजगारबाट के कस्ता ज्ञान तथा सीपहरु हासिल गर्नुभयो?

..............................................................................................................

८. वैदेशीक रोजगारलाई व्यवस्थित गर्न के गर्नुपर्ला?

..............................................................................................................

९. वैदेशीक रोजगारबाट तपाई सन्तुष्ट हुनुहुन्छ?

...........................................................................................................................

१०. वैदेशीक रोजगारबाट तपाईको पारिवारिक शैक्षिक अवस्थामा कस्तो परिवर्तन पाउनुभयो?

...........................................................................................................................

## अनुसुची ३ (Appendix-3)

**छलफलका लागी प्रश्नावली**

१. तपाई वैदेशीक रोजगारीमा जानुको मुख्य कारण के हो?

..................................................................................................................

२. तपाईको विदेशमा जाने वित्तिकै कस्तो प्रकृतिको काम पाउनु भयो?

..................................................................................................................

३. तपाईले वैदेशीक रोजगारमा रहँदा कस्ता समस्याहरु भोग्नु भयो?

..................................................................................................................

४. तपाईले कमाएको पैसा सबै भन्दा धेरै कुन क्षेत्रमा लगानी गर्नु भएको छ?

..................................................................................................................

५. विदेशमा धेरै युवायुवतीहरु अहिले आकर्षित भएका छन् । के विचारमा राम्रो पक्ष हो ? होइन भने किन?

..................................................................................................................

६. तपाईलाई वैदेशीक रोजगारमा गएर के उपलब्धी पाउ जस्तो लाग्छ?

..................................................................................................................

## अनुसुची ४ (Appendix-4)

### वैदेशीक रोजगारीमा संलग्न घर परिवारको अवलोकन सूची

१. वैदेशीक रोजगारीमा नेपाली युवायुवती आकर्षित हुनुको कारण के हो?

२. वैदेशीक रोजगारमा गएर नेपाली कामदारहरुले आफ्नो भविष्य उज्ज्वल बनाएका छन्?

३. वैदेशीक रोजगारीमा गई पठाएको विप्रेषण उपयुक्त ठाउँमा प्रयोग गरेका छन्?

४. वैदेशीक रोजगारले देशको लागि के योगदान पुऱ्याएको छ ?

## अनुसुची ५ (Appendix-5)

## लक्षित समुह छलफलका लागि प्रश्नावली

१. तपाई वैदेशीक रोजगारीमा जानुको मुख्य कारण के हो?

.................................................................................................................

२. तपाईको विदेशमा जाने वित्तिकै कस्तो प्रकृतिको काम पाउनु भयो?

.................................................................................................................

३. तपाईले वैदेशीक रोजगारमा रहँदा कस्ता समस्याहरु भोग्नु भयो?

.................................................................................................................

४. तपाईले कमाएको पैसा सबै भन्दा धेरै कुन क्षेत्रमा लगानी गर्नु भएको छ?

.................................................................................................................

५. विदेशमा धेरै युवायुवतीहरु अहिले आकर्षित भएका छन् । के विचारमा राम्रो पक्ष हो ? होइन भने किन?

.................................................................................................................

६. तपाईलाई वैदेशीक रोजगारमा गएर के उपलब्धी पाउ जस्तो लाग्छ?

========================================

========================================

========================================

=

## अनुसुची ६ **(Appendix-6)**

## वैदेशीक रोजगारीबाट पर्किएका युवायुवतीहरुको नामावली

१. जगन्नाथ अर्याल
२. गोपी नेपाली
३. सीताराम अर्याल
४. वलराम अर्याल
५. सन्तोषी रिमाल
६. फूलमाया तामाङ
७. रमा तामाङ
८. सीता नेपाली
९. भगवती तिमल्सिना
१०. दिपक मिजार
११. सुमन मिजार
१२. प्रकाश मिजार
१३. सन्दिप तामाङ
१४. उपेन्द्र तामाङ
१५. आइतराम तामाङ
१६. निशान श्रेष्ठ
१७. दिपक श्रेष्ठ
१८. रामलाल श्रेष्ठ
१९. माधव अर्याल
२०. राजकुमार रिमाल
२१. विष्णु वि.क.
२२. कृष्ण वि.क.
२३. राममाया वि.क.
२४. सन्दिप पन्थ
२५. पुष्कल पन्थ
२६. अर्जुन पन्थ
२७. विनय पन्थ
२८. प्रकाश पन्थ
२९. कुमार नेपाली
३०. हरि नेपाली
३१. विनोद वि.क.
३२. कमल वि.क.
३३. बलराम वि.क.
३४. सन्तलाल नेपाली
३५. धनकुमारी रिमाल
३६. मनमाया रिमाल
३७. कविन्द्र नेपाली
३८. प्रकाश राई
३९. रविभुषण रिमाल
४०. प्रज्वल पनेरु
४१. राजाराम ढकाल
४२. रामप्रसाद ढकाल
४३. भुमिनन्द रिमाल
४४. डिल्ली प्रसाद अर्याल

४५. अर्जुन अर्याल

४६. सुजन खड्का

४७. दिपक खड्का

४८. लोकनाथ अर्याल

४९. कृष्ण नेपाली

५०. भिमप्रसाद पनेरु

## अनुसुची ७ (Appendix-7)

### वैदेशीक रोजगारीमा संलग्न हुने घरपरिवारका अभिभावको नामावली

| | |
|---|---|
| १. राजेन्द्र शर्मा | २. रामशरण पनेरु |
| ३. रामप्रसाद पनेरु | ४. गणेश ढकाल |
| ५. रामसरण नेपाली | ६. रामप्रसाद अर्याल |
| ७. हर्कमान तामाङ | ८. डिल्ली प्रसाद अर्याल |
| ९. अशोक पनेरु | १०. आशीष पनेरु |
| ११. राजेन्द्र वि.क. | १२. विरमान वि.क. |
| १३. आइतराम तामाङ | १४. शंकर तामाङ |
| १५. प्रताप तामाङ | १६. सुनम श्रेष्ठ |
| १७. सुमन श्रेष्ठ | १८. हर्कमान श्रेष्ठ |
| १९. विष्णुलाल श्रेष्ठ | २०. रेवित रिमाल |
| २१. भुमिनन्द अर्याल | २२. चन्द्रकुमार राई |
| २३. धन प्रसाद कोइराला | २४. उमेर पनेरु |
| २५. दिनेश पनेरु | २६. निकेश पनेरु |
| २७. छविलाल पनेरु | २८. लाल व. वि.क. |
| २९. वेदनाथ पनेरु | ३०. भिमलाल पनेरु |
| ३१. लोकनाथ अर्याल | ३२. भरत वि.क. |
| ३३. राम प्रसाद वि.क. | ३४. रोशन वि.क. |
| ३५. पुष्कल खड्का | ३६. रामसरण खड्का |
| ३७. राम ब. नेपाली | ३८. प्रकाश वि.क. |
| ३९. विष्णुहरी श्रेष्ठ | ४०. रविन्द्र नेपाली |
| ४१. रन्जित तामाङ | ४२. सुरेन्द्र श्रेष्ठ |
| ४३. राम प्रसाद ढकाल | ४४. सुब्बा नेपाली |

४५. दिपक ढकाल

४६. कृष्ण नेपाली

४७. नारायण पन्थ

४८. अजय वि.क.

४९. सुरज वि.क.

५०. राजेन्द्र पनेरु